# पूर्णिमा

इतिहास–प्रधान त्रैमासिक पत्रिका

४७

पू

र्णा

ङ्क

संशोधन–मण्डल

का. मे. अ. द. नं. १५५/२४६

तदिह न गुणदोषौ योजनीयावलीकौ

कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

-बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा

१२ वर्ष ३ अङ्क

(इतिहास-प्रधान त्रैमासिक पत्रिका)

सम्पादक-

महेशराज पन्त

दिनेशराज पन्त

प्रकाशक-

देवीप्रसाद भण्डारी

(संशोधन-मण्डलद्वारा)

सहयोगी-

रामजी तेवारी

यस अङ्कको रु. १०।-

# विषयसूची

१. ऐ. शि. बाबुराम आचार्यले रचना गर्नु भएको
नेपालको संक्षिप्त इतिहास — देवीप्रसाद भण्डारी १ – ६

२. अंशुवर्माको अभिलेखका
रामेश्वर र पर्वतेश्वरको विषयमा — महेशराज पन्त १० – १८

३. राय मल्लको मृत्यु कहिले भयो ? — महेशराज पन्त १९ – २२

४. रत्न मल्लसँगै देखिएका इन्द्र मल्लको
अन्त्य कसरी भयो ? — महेशराज पन्त २३ – २५

५. श्री ५ पृथ्वीनारायण शाहको उपदेशको
व्याख्यात्मक संस्कृत पद्यानुवाद — नयराज पन्त २६ – ४२

६. जङ्गबहादुरको पालाका कप्तान रामसम्बन्धी
तीन पत्र — रामजी तेवारी ४३ – ४८

( क्रमागत )❀

# ऐ. शि. बाबुराम आचार्यले रचना गर्नुभएको

# नेपालको संक्षिप्त इतिहास

सम्पादक—देवीप्रसाद भण्डारी

## पाँचौं परिच्छेद

## पहिलो लिच्छवि राज्य

[ई. सं. १००–५२५ अं.][१]

१। गङ्गा जमुनाका मैदानमा रहने सभ्य बनेका ब्राह्मण क्षत्रियहरू पूर्वपट्टि रहेका लिच्छवि र मल्लहरूलाई खशसरहका संस्कारहीन क्षत्रियमा गन्दथे। जस्तो जातकर्म आदि धार्मिक संस्कार उनीहरूमा हुन्थ्यो, उस्तो यिनीहरूमा हुँदैनथ्यो। विवाहको पद्धति पनि उनीहरूमा जत्तिको यिनीहरूमा मजबूत थिएन। यसै कारणले यिनीहरूलाई होच्याउँथे, तर यिनीहरू आफूलाई कम दर्जाका क्षत्रियमा गन्दैनथे। आफ्ना वंशलाई गङ्गाको धारो जस्तो निर्मल मान्दथे। शिशुनागवंशका समयमा मगध राज्यमा मिलेपछि यिनीहरू उत्तर भारतवर्षका साम्राज्यका अङ्ग बने तापनि ९०० वर्षसम्म आफ्ना गौरवलाई भुलेका थिएनन्। मौर्यवंशपछि शुङ्ग, काण्व र दक्षिण भारतका सातवाहनहरू क्रमसँग उत्तर भारतवर्षका अधिपति हुँदा यिनीहरू साम्राज्यका अन्तर्गत रहे।

---

❀ यस इतिहासका १–२ परिच्छेद वि. सं. २०३१ मा प्रकाशित पूर्णिमा ३१ अङ्कका १५१–१६१ पृष्ठमा र ३–४ परिच्छेदचाहिँ वि. सं. २०३१ मै प्रकाशित पूर्णिमा ३२ अङ्कका १९७–२०६ पृष्ठमा छापिएका छन्।

यहाँ ऐ. शि. ज्यूले ई. सं. लेख्नुभएकोमा टिप्पणीमा वि. सं. बनाई दिइएको छ, त्यसै गरी माइलको ठाउँमा कोस बनाई राखिएको छ।

ऐ. शि. ज्यूले जुन समयमा यो लेख्नुभएको थियो, त्यस वेलाभन्दा अहिले धेरै खोजी भइसकेकोले उहाँले लेख्नुभएका केही कुरा अशुद्ध ठहरिन आएका छन्। तिनको सप्रमाण संशोधन गरी प्रकाश गर्ने पूर्णिमाको आकारले अनुमति नदिएकोले अहिले जस्ताको तस्तै प्रकाश गरिएको छ। यस विषयमा पछि अनुकूल मिलाई विचार गरिनेछ।

१. अन्दाजि वि. सं. १५७–५८२।

२। ई. सं: ५०[२] तिर पश्चिमबाट आएका कुषाणहरूले उत्तर भारतवर्ष जितेपछि धार्मिक हलचल मच्चियो। पहिले लिच्छवि र मल्लहरू बौद्ध धर्मका पक्षपाती थिए। शुङ्ग राजाहरूका समयमा सनातन धर्म खडा हुँदा लिच्छवि र मल्लहरू पनि यसै धर्मका अनुगामी भएका थिए। ई. सं. ७८[३] मा राजसिंहासनमा बसेका कुषाण सम्राट् कनिष्क बौद्ध धर्मका पक्षपाती र प्रचारक भए। यिनका राज्यकालमा कुषाणहरूले धर्मप्रचारका बहानाले आफ्नो अधिकार मजबूत राख्नाका निमित्त बलको पनि प्रयोग गर्न लागे। यस धार्मिक हानथापमा अड्न गाह्रो मानेर केही लिच्छविहरू उत्तरपट्टिका जङ्गलमा रहेका थारूहरूका बस्तीमा पसे र यिनीहरूलाई जिती राज्य गर्न लागे।

३। कुषाणहरूका हलचलका समयमा मल्लहरूको एक जमातले कर्नालीका किनाराबाट महाभारतको भञ्ज्याङ पार भई अचेलका दैलेखका आसपासमा खशहरूका बीचमा बसेर एक साना रियासतको स्थापना गरे। मल्लहरूले स्थापना गरेको हुनाले मल्लपुरी भन्ने राजधानीको नाम रह्यो। यसै गरी कोशलबाट गएका एक क्षत्रियपरिवारले कुमाउँमा कर्तृपुर भन्ने राजधानी बनाएर एक राज्यको जग बसाए। त्यहाँका दन्त्यकथाअनुसार यस राज्यका पहिला राजा शालिवाहन थिए। राजधानीकै नामबाट यहाँका राजाहरू कत्युरी कहलाए। मल्ल र कत्युरीहरूका राज्यको सिमाना सेती नदी थियो।

४। लगभग ५० वर्ष जति तराईमा लिच्छविहरूले राज्य गर्दा नेपालका किराँतराज्यको अवस्था राम्ररी जाँच गर्ने अवसर पाए। लिच्छविहरूको शक्तिभन्दा नेपारहरूको शक्ति ज्यादै कम हुनाले सजिलैसँग यस राज्यमा अधिकार जमाए [ई. सं. १०० अं.][४]। यसरी नेपालका केन्द्रस्थलमा आएर राज्यस्थापना गर्ने पहिला लिच्छवि राजा भूमिवर्मा थिए। यिनका नाति जयवर्मा विजयी राजा भएर पूर्व–पश्चिमका आग्नेयदेशी जातका रियासतहरू पनि जितेर नेपाल राज्यलाई बढाए। तराईमा यिनीहरूको दखल अगाडिदेखि नै थियो। सो तराईखण्ड पनि मिल्दा नेपाल राज्यको विस्तार किराँतराज्यका समयमा भन्दा ५–६ गुना भयो। यी लिच्छवि राजाहरूले पूर्व–पश्चिमका आग्नेयदेशी जनतालाई आफ्ना अधीनमा ल्याउन केही कठिन थिएन। तर यी अर्धसभ्य जातहरूलाई सभ्य बनाएर नियम–कानूनमा राख्न कठिन थियो। यो काम जयदेवका उत्तराधिकारीहरूले गर्दै रहे।

यस नेपाल राज्यदेखि पूर्वपट्टि आग्नेयदेशी जनताका आबादीमा सुदूर पूर्वको कामरूप राज्य थियो। आसाम र यसदेखि उत्तरपट्टिका हिमालयका आग्नेयदेशी र भोट–बर्माली जातहरू यस राज्यका अधीनमा थिए। नेपाल र कामरूपका बीचमा अर्को स्वतन्त्र राज्य थिएन। यस कारणले टिस्ता नदी यी दुई राज्यका बीचको प्राकृतिक सीमाना थियो। तर यसबीचका प्रदेशहरूमा अर्धसभ्य अवस्थामा रहेका आग्नेयदेशी जातहरू रहेका हुनाले न नेपालका लिच्छविहरूले त्यस नदीसम्म अधिकार फैलाउन सकेका थिए, न कामरूपीहरूले। पश्चिमपट्टि भने मगरहरूका आबादीमा पूरा अधिकार जमाई दैलेखका मल्लराज्यलाई लिच्छविहरूले आफ्ना अधीनमा ल्याए। त्यहाँका राजाहरू नेपाल राज्यका सगुता बने। जयवर्मापछि यिनका वंशका ११ राजा क्रमैसँग नेपालका राजसिंहासनमा बसेका थिए। यिनमा अन्तिम राजा वसन्तवर्मा थिए [ई. सं. ३७०–३९० अं.][५]।

---

२. वि. सं. १०७। ३. वि. सं. १३५। ४. अन्दाजि वि. सं. १५७। ५. अन्दाजि वि. सं. ४२७–४४७।

५। पहिला १४ लिच्छवि राजाहरूले नेपालमा राज्य गरिरहेका समयमा उत्तर भारतवर्षबाट पहिले कुषाणहरू निकालिएर नागवंशका राजाहरूको आधिपत्य जम्यो। पछिबाट यिनीहरूको स्थान वाकाटकहरूले लिए। त्यहाँपछि गुप्त सम्राट् समुद्रगुप्तले उत्तर भारतवर्षको एकच्छत्र साम्राज्य खडा गरे [ई. सं. ३३५–३८० अं.][६]। यी लिच्छविहरूका भानिज थिए। लिच्छविहरूबाटै सहायता पाएर यो बडो साम्राज्य खडा गर्न सकेका थिए। यिनका प्रतापमा नेपालका राजाले पनि दब्नुपऱ्यो। यिनका छोरा चन्द्रगुप्त दोस्रा झन् प्रतापी थिए [ई. सं. ३८०-४१५ अं.][७]। तर यिनकै राज्यकालमा नेपालका राजवंशमा क्रान्ति भएर वसन्तवर्माका बदलामा वृषदेव राजा भए [ई. सं. ३९०–४१५ अं.][८]। यी पनि जयदेवका बंशका लिच्छवि नै थिए। यिनले कर्तृपुरका राजाहरूले व्यवहार गर्ने गरेको देव भन्ने पदवी पनि धारण गरे। यो पदवी नेपालका राजाहरूले आजसम्म लिंदै रहेका छन्। यीपछि यिनका छोरा र नाति शङ्करदेव [ई. सं. ४१५–४४० अं.][९] र धर्मदेव [ई. सं. ४४०–४६३ अं.][१०] क्रमसँग राजा भई शान्तिपूर्वक राज्य चलाए।

६। धर्मदेवका छोरा मानदेव पहिला ई. सं. ४६३[११]मा राजसिंहासनमा बसे। यस समयभन्दा नौ वर्षपहिले उत्तर भारतवर्षमा हूणहरूका आक्रमणले र पुष्यमित्र भन्ने एक साना लोकाभारका विद्रोहले गुप्तसाम्राज्य खलबलिएको थियो। यसै विपत्तिका समयमा कुमारगुप्त [ई. सं. ४१५–४५४ अं.][१२] परलोक हुँदा यिनका छोरा स्कन्दगुप्त [ई. सं. ४५४–४७०][१३] ले बडो परिश्रम र साहस गरी दुवै थरी शत्रुलाई हटाएर साम्राज्यलाई बचाएका थिए। ठीक यस्तै घटना ई. सं. ४६३[१४]मा नेपालमा परिआयो। यस साल अकस्मात् धर्मदेव परलोक भए। मानदेव कच्चा उमेरका हुनाले यिनलाई हेपेर नेपालका पूर्वपट्टिका सगुता राजाहरूले विद्रोह गरे। यी मानदेवले राज्यको शासन आफ्नी मुमा राज्यवतीका हातमा सौँपी आफैँ पूर्वतिर गएर सगुताहरूलाई तहमा ल्याए। राजधानीमा आउँदा पश्चिमपट्टिका सगुता राजाले विद्रोह गरेको खबर पाएर सैन्यलाई अगाडि पठाई पछिपछि आफूसमेत गई मल्लपुरी जितेर प्रशस्त धन ल्याए। यो विजयको वृत्तान्त लेखेर गाडेको विजयस्तम्भ काठमाडौँ शहरदेखि ५ माइल[१५] पूर्वपट्टि चाँगुनारायणको देवलमा अझ पनि खडै छ।

करीब ३० वर्ष राज्य गरेर ई. सं. ४९३[१६] तिर यिनको देहान्त भयो। यिनको राज्यकाल सुख र शान्तिको समय थियो। उन्नतिका मार्ग खुलिरहेका हुनाले नेपाल राज्य वैभवले परिपूर्ण भइरहेको थियो। यीपछि यिनका छोरा महीदेव राजा भएर २० वर्ष जति राज्य गरे [ई. सं. ४९३–५१३ अं.][१७]। यिनको राज्यकाल पनि शान्तिमय थियो। यसरी यी दुइ राजाका शासनकालमा ५० वर्ष जति सुख र शान्तिको उपभोग गरी दुनियाँहरूले अशान्तिका लहरमा बग्नुपऱ्यो। महीदेबपछि ई. सं. ५१३[१८] तिर यिनका छोरा वसन्तदेव राजा भए। यसै समयमा हूणहरूको दोस्रो

---

६. अन्दाजि वि. सं. ३९२–४३७। ७. अन्दाजि वि. सं. ४३७–४७२। ८. अन्दाजि वि. सं. ४४७–४७२।

९. अन्दाजि वि. सं. ४७२-४९७। १०. अन्दाजि वि. सं. ४९७–५२०। ११. वि. सं. ५२०।

१२. अन्दाजि वि. सं. ४७२–५११। १३. अन्दाजि वि. सं. ५११–५२७। १४. वि. सं. ५२०।

१५. साढे दुइ कोस। १६. वि. सं. ५५०। १७. अन्दाजि वि. सं. ५५०–५७०। १८. वि. सं. ५७०।

आक्रमण भई गुप्तसाम्राज्यलाई खलबल्याइदियो [ ई. सं. ५१० ][19] । यस खलबलको प्रभाव परी १२ बर्ष जति राज्य गरेपछि ई. सं. ५२५[20] तिर यिनले राजसिंहासन छोड्नुपर्‍यो । यी हटेपछि ६ पुस्ता राज्य गरेर वृषदेवको वंश समाप्त भयो । यसै समयदेखि नेपालका इतिहासको प्राचीन युगको समाप्ति भएर मध्य युगको आरम्भ हुन्छ ।

७। वैदिक धर्मलाई बौद्धहरूले खलबल्याइदिएका हुनाले शुङ्ग सम्राट् पुष्यमित्रले बौद्ध धर्मलाई हटाई वैदिक धर्मको पुनरुद्धार गर्ने चेष्टा गर्दा एक नयाँ धर्म खडा भएको थियो । जसलाई सनातन धर्म भन्ने चलन भएको छ । यस धर्ममा इन्द्र वरुण नासत्य आदि वैदिक देवता होचिई विष्णु र शिव प्रधान देवता बने । यज्ञ—यागका बदलामा यिनै देवताहरूका मूर्तिका पूजा प्रार्थनाको प्रचार बढ्यो । विष्णुको उपासना गर्ने वैष्णव र शिवको उपासना गर्ने शैव कहलाए । लिच्छविहरू नेपालमा आउँदा वैष्णव हुनाले सबभन्दा पहिले दोस्रा शताब्दीमा नै चाँगु भन्ने डाँडामा नारायण (विष्णु)को मूर्तिको स्थापना गरे । यो चलन तीन शताब्दीसम्म चल्दै रह्यो । सम्राट् चन्द्रगुप्त दोस्राले मालवामा भेलसाका नजीक उदयगिरिमा एक विशाल वराह (नारायण)को मूर्ति स्थापना गरेका थिए । ठीक त्यसै ढाँचाको, तर त्यसभन्दा सानो मूर्ति नेपालका लिच्छवि राजा शङ्करदेव वा धर्मदेवले स्थापना गरे। यो मूर्ति काठमाडौँदेखि उत्तर-पूर्वपट्टि दुइ माइल[21]पर धूमवाराही भन्ने नामले प्रसिद्ध भई रहेको छ। मानदेव पहिलाले पनि वामन (विष्णु) देवताका दुइ मूर्ति स्थापना गरेका थिए । तर यिनका भारादार र प्रजाहरूले शिवलिङ्ग र दिवाकर (सूर्य)का मूर्ति पनि स्थापना गरेका थिए ।

लिच्छविहरू अकेला क्षत्रिय मात्र आएका थिएनन् । समाजका अङ्ग भएका ब्राह्मण, कालीगड र दुसात आदिलाई पनि ल्याएका थिए । यी ब्राह्मण र लिच्छवि क्षत्रियहरूको विवाहसम्बन्ध मधेशमा हुने हुनाले यिनका सम्बन्धीहरू लगातार आउने गर्दा नेपालमा सनातन धर्मको जग बस्यो । वर्णव्यवस्था पनि यी आगन्तुक ब्राह्मण र क्षत्रियहरू मिलेर कायम भयो । तर यिनको संख्या ज्यादै थोरै थियो । राजधानीमा र आसपासमा रहेका नेपारहरू बौद्ध हुनाले यिनमा र अरू आग्नेयदेशी जातहरूमा सनातन धर्मका किसिमको जातविभाग भएन ।

८। शुङ्ग राजाले बौद्ध धर्मलाई खलबल्याइदिएपछि फेरि संगठन हुँदा रूप बदलिएर महायान सम्प्रदाय खडा भयो । यस सम्प्रदायका पक्षपातीहरूले पुराना सम्प्रदायलाई हीनयान भन्ने नाम दिए । महायानका प्रचारक कनिष्क [ई. सं. ७८–९८ अं.][22] भए । यिनले यस सम्प्रदायलाई उत्तर भारतवर्षमा मात्र होइन, चीन र मङ्गोल देशमा पनि फैलाइदिए । यस सिलसिलामा नेपालका नेपारहरूमा पनि महायानको प्रचार भयो । महायानीहरूले बुद्धलाई मानिसमा नगनेर एक अलौकिक शक्तिका रूपमा खडा गरेका थिए । चैत्यहरूमा बुद्धका मूर्तिहरू स्थापना हुनथाले । सदाचारको ठाउँ बुद्धको पूजा प्रार्थनाले लियो । नेपालका लिच्छवि राजाहरू सनातन धर्म मान्दथे । एकजना वृषदेव बौद्ध धर्मका पक्षपाती थिए । यिनैका समयमा काठमाडौँ शहरदेखि पश्चिमपट्टिको गुमविहार बन्यो। जो अचेल सिम्भु कहिन्छ । राजा मानदेव वैष्णव भए तापनि बौद्ध धर्मलाई अनादर गर्दैनथे । यिनका राज्यकालमा मानविहार भन्ने एक ठूलो विहार

१९. बि. सं. ५६७ । २०. बि. सं. ५८२ । २१. पौने कोस २२. अन्दाजि वि. सं. १३५–१५५ ।

बनेको थियो । जो गुमविहार जत्तिकै मान्य थियो । तर नेपारबाहेक अरू आग्नेयदेशी जनतामा यो बौद्ध धर्म पनि प्रचार हुन सकेन ।

९। मधेशका मैदानमा जति अनाज र फलफूल आदिको खेती हुन्थ्यो, त्यो सबै नेपालका लिच्छविराज्यमा हुन लाग्यो। पहाडका जमीनमा बडा परिश्रमले कुलो ल्याएर खेत आबाद गर्नु पर्दथ्यो । यो काम पनि लिच्छविराज्यका समयमा नै ज्यादा भएर धानका खेतीको प्रचार बढ्यो । उत्तर भारतवर्षमा प्रचलित भएका शिल्पकलाहरू यहाँ आइ-पुगे र माथि बयान गरिएका वराह वामन बुद्धका मूर्ति र पत्थरका अरू वस्तु पनि बन्दै गए । काठमा मूर्ति लेख्ने र बग्गी आदि बनाउने कलाको प्रचार हुँदै गयो । यहाँ पैदा हुने शिलाजित् चिराइतो इत्यादि जरीबूटी र घिउ मह मइन आदिको निकासी बढेर व्यापारको सिलसिला चल्यो । कालीगड र व्यापारीहरूका कम्पनी पनि खडा भए । मानदेव-भन्दा पहिले विहारमा चलन भएका पुराण भन्ने चाँदीका टक र पण भन्ने तामाका टक नेपालमा व्यवहार हुन्थे । यिनले आफ्ना नामको मानाङ्क भन्ने छाप लगाई तामाको पण चलाई व्यापारीलाई सुबिस्ता गराए । लिच्छविहरूको कुनै विशेष साहित्य थिएन । भारतवर्षका संस्कृत साहित्य र धर्मग्रन्थको प्रचार सनातनी र बौद्ध दुवैमा थियो । अरू आग्नेयदेशीहरू निरक्षर थिए ।

१०। लिच्छविहरूको राज्यव्यवस्था शुङ्ग वा गुप्त राजाहरूकै जस्तो राजतन्त्रको थियो । यसमा प्रजातन्त्रको गन्ध पनि थिएन । राजतन्त्र भए पनि प्रजाका हितको बडो विचार रहन्थ्यो । किराँतराज्यको राजधानी अचेलका ललित-पुरमा थियो । तर पहिला लिच्छवि राजाहरू आएर यसलाई राजधानी नगराई दुइ माइल[२३] जति उत्तरपट्टि नयाँ बस्ती बसाई राजधानी बनाए । लिच्छविहरूको मूल घर वैशाली शहर हुनाले यस नयाँ बस्तीको नाम पनि बैशाली राखे । यसैको सम्झनामा विशालनगर भन्ने नाम दन्त्यकथामा चलेको छ । तर मानदेवले यो नयाँ राजधानी छोडी किराँतराज्यकै राजधानीमा गएर एक महल बनाई त्यहीँ रहन लागे । यस महलको नाम मानगृह थियो । पछि यसको अपभ्रंश रूप मानिग्ल भन्ने शहरको नाम बन्यो । यी राजाले बडा असल साइतमा यस महलको जग बसालेका रहे-छन् । यस समयदेखि एक हजार वर्षसम्म यो शहर नेपालको राजधानी बनेर रह्यो । जुन थलामा मानगृह बनेको थियो, उसै थलामा सत्रौँ शताब्दीमा बनेको महल अझ पनि खडै छ ।

२३. पौने कोस ।

## छैटौँ परिच्छेद

# मध्ययुगका आरम्भको उथलपुथल
# अंशुवर्मा र यिनका उत्तराधिकारी
## [ ई. सं. ५२५–६४२ अं. ][१]

१। पहिला शताब्दीका आरम्भमा भारतवर्षका पश्चिम र दक्षिण भागमा आभीर भन्ने एक जाति रहेको थियो। यो पशुपालक जाति आर्य नश्लको भए पनि ऐड वा मानव शाखादेखि भिन्न थियो। दोस्रो शताब्दीमा, काठियावाडका शकराज्यमा रुद्रभूति भन्ने एक दानी आभीर सेनापति बनेका थिए। तेस्रा शताब्दीमा उत्तर महाराष्ट्र, मालवा र काठियावाड प्रदेशहरू आभीर राजा ईश्वरदत्त वा ईश्वरसेनका अधीनमा थिए। चौथा पाँचौँ शताब्दीमा यी आभीरहरू उत्तर भारतवर्षका मैदानमा पनि ठाउँठाउँमा फैलिए। यस सिलसिलामा केही आभीरहरू नेपालका राजधानीमा पनि घुसेर खेती र पशुपालन मात्र होइन, राज्यका काममा पनि भाग लिन थाले। वसन्तदेवका समयमा प्रधान न्यायाधीश र मुख्य हजुरिया-आठपहरिया रविगुप्त आभीर भए। यस तरहसँग राज्यका शासनमा आभीरहरूको अधिकार बढ्दा लिच्छविहरूको शक्ति घटेको थियो।

२। कनिष्कले प्रचार गरेका बौद्ध धर्मका महायान सम्प्रदायमा जादू–टुना तन्त्र–मन्त्र आदि घुसेर वज्रयान सम्प्रदाय खडा भयो। यस सम्प्रदायलाई फैलाउने अनेक सिद्ध भए। यिनमा एक जना गोरक्षनाथ र अर्का मत्स्येन्द्रनाथनेपालमा विशेष प्रसिद्ध भएका छन्। बुद्धका पूजा–प्रार्थनाका बदलामा छोटा छोटा मन्त्र जपेर हातका औँलाका मुद्राद्वारा अलौकिक सिद्धि पाउनु यस सम्प्रदायको उद्देश्य बन्यो। यस्तो सिद्धि पाएका महापुरुष सिद्ध कहलाए। मत्स्येन्द्रनाथ पनि यस्तै एक सिद्ध थिए। आसामका माझीका कुलमा पैदा भए पनि सिद्ध बनेका हुनाले राजादेखि रङ्कसम्मका मानिस यिनका चरणमा पर्दथे। ई. सं. ५१९[२] मा यी नेपालका राजधानीमा आएर वसन्तदेवलाई चेला बनाई फर्के। अवलोकितेश्वर (बुद्ध)को पूजा–प्रार्थनाको प्रचार यिनैबाट नेपालमा शुरू भयो। यस कारणले पछिका नेपाली बौद्धहरूले यिनैलाई अवलोकितेश्वर मान्ने गरेका छन्।

३। वज्रयान सम्प्रदायमा सदाचारको सिद्धान्त बदलिएर मद्य मांस आदिको व्यवहार गर्नु सदाचार बनेको थियो। वसन्तदेवले यस मतको आदर गरे पनि राज्यका मुख्य अधिकारी आभीरहरू कट्टर सनातनी हुनाले यस्ता सिद्धलाई घिनाउँदथे। उता ई. सं. ५१०[३] मा हूणहरूले उत्तर भारतवर्षका गुप्त सम्राट् भानुगुप्त [ई. सं. ५०८–५२८ अं.][४]-लाई हराएर आफ्ना सगुता बनाएका थिए। यो क्रान्तिको लहर नेपालमा पनि आइपुगेको थियो। यस कारणले

---

१. अन्दाजि वि. सं. ५८२–६९९। २. वि.सं. ५७६। ३. वि.सं. ५६७। ४. अन्दाजि वि.सं. ५६५–५८५।

परमगुप्त भन्ने एक आभीरले वसन्तदेवलाई धर्मभ्रष्ट भए भनेर शासनको बागडोर आफ्ना हातमा लिए [ ई.सं. ५२५ अं.] ।[५] वसन्तदेव मत्स्येन्द्रनाथका शरणमा गएर उहीँ जीवन बिताए ।

४। वसन्तदेव निर्वासित भएपछि परमगुप्तले शासनको बागडोर आफ्ना हातमा लिएर रामदेवनामक एक लिच्छवि क्षत्रियलाई राजा थापे [ ई. सं. ५२५–५५५ ][६] । यसै समयमा यशोधर्मा भन्ने एक क्षत्रिय वीर खडा भई हूणहरूलाई भारतवर्षबाट धपाइदिए र गुप्त सम्राट्हरूभन्दा पनि प्रतापी भए । तर ई. सं. ५४०[७] तिर यी परलोक हुँदा उत्तर भारतवर्षको मैदान अनेक राज्यमा बाँडियो । यता परमगुप्तपछि यिनका छोरा भीमगुप्तले गणदेव भन्ने लिच्छविवंशका एक पुरुषलाई मानगृहका राजसिंहासनमा राखी राज्यको काम चलाए [ ई. सं. ५५५–५७० अं.][८] । भीमगुप्तपछि भूमगुप्त शासक बने [ ई. सं. ५७०–५७६ अं. ][९] । यी आभीर उपराजहरूका शासनमा अधिका लिच्छवि राजाहरूले बनाएको नेपाल राज्य छिन्नभिन्न हुन लागेको थियो ।

५। भूमगुप्तका समयमा लिच्छविहरूका पुराना राजधानी वैशाली ( नेपालको ) मा सगुता भएर रूपवर्मा रहेका थिए । गणदेवको परलोक भएपछि शिवदेव पहिलालाई मानगृहका राजसिंहासनमा राखी भूमगुप्तलाई हटाएर शासनको बागडोर रूपवर्माले लिए [ ई. सं. ५७६–५८८ अं.][१०] । यिनले नेपालको राजधानी वैशालीमा नै गरी राज्यका हर्ताकर्ता बने । यीपछि यिनको स्थान अंशुवर्माले लिए । यी वृषदेवका वंशका शायद रूपवर्माका छोरा थिए । यी बडा बुद्धिमान्, विद्वान् र प्रतापी शासक भए । मानगृहका राजसिंहासनमा शिवदेवलाई थामी राज्यको सारा काम आफूले चलाए । आभीर उपराजहरूका समयमा अटेर भएर रहेका सगुता राजाहरूलाई जितेर नेपाल राज्यलाई सह्राली मजबूत गराए । यिनले आफ्ना राजधानीमा कैलासकूटभवन भन्ने बडो सुन्दर महल बनाए । यिनको सुकीर्ति उत्तर भारतवर्षका मैदानमा फैलिन पुग्यो ।

६। भोट देश चारैतिरबाट पर्वतमालाले घेरिएको हुनाले छैटौँ शताब्दीसम्म भारतवर्ष वा चीनपट्टिबाट त्यहाँ सभ्यताको प्रवेश हुन सकेको थिएन । यस कारणले त्यहाँ अनेक झगडालु रियासतहरू बनेर आपसका मार–काटमा सयकडौँ वर्ष बिताइरहेका थिए । पश्चिम सिन्धु नदीका घाटाबाट र पूर्वपट्टि ब्रह्मपुत्रका घाटाबाट भारतीय आर्य सभ्यताको ज्योति पसेको थियो तापनि वारपार छिचोल्न नसकेको हुनाले सभ्य संसारका दृष्टिमा यो भोट अन्धकारमा रहेको थियो । छैटौँ शताब्दीका मध्य भागमा[११] ब्रह्मपुत्रका किनाराको कोङ्पो भन्ने रियासत एक्कासि उन्नतिका मार्गमा खडा भयो । त्यहाँका राजा नम्रिस्रङ्चन्ले छिमेकका केही रियासतहरूलाई जिती एकता कायम गरेर राज्यको जग बसाले । चीनमा आवतजावत खुलाएर वैद्यविद्या ल्याए । यिनका छोरा स्रङ्चङ्गम्पो बडा साहसी र बुद्धिमान् राजा भए [ ई. सं. ५८१–६५० ][१२] । यिनले भोटका सारा रियासतहरूलाई जितेर बडो राज्य कायम गरी ल्हासा

---

५. अन्दाजि वि.सं. ५८२ । ६. वि.सं. ५८२–६१२ । ७. वि.सं. ५९७ । ८. अन्दाजि वि. सं. ६१२–६२७ । ९. अन्दाजि वि.सं. ६२७–६३३ । १०. अन्दाजि वि.सं. ६३३–६४५ । ११. विक्रमको छैटौँ शताब्दीको अन्त्यतिर । १२. वि. सं. ६३८–७०७ ।

शहर बसाई राजधानी गराए [ई. सं. ५९० अं.][१३]। केरुङ कुती आदिका हिमालयका घाटाहरू खुलाई काश्मीरदेखि धर्मासम्मका हिमालयका प्रदेशहरूमा आवत–जावत चलाएर भारतीय सभ्यतालाई आफ्ना देशमा प्रचार गर्ने काम गर्दै रहे। यस नयाँ शक्तिलाई देखेर उत्तर भारतवर्ष र चीनका राजाहरूले पनि कान ठाडा गराए।

यिनले एकातिर अंशुवर्माकी छोरी भृकुटीसँग र अर्कातिर चीनकी एक राजकुमारी कोङ्जोसँग विवाह गर्न कलियो पठाए। अंशुबर्मा राजी हुँदा ई. सं. ५९२[१४] तिर यिनको भृकुटीसँग ल्हासामा विवाह भयो। अर्का साल कोङ्जो पनि यिनकी पत्नी भइन्। यी दुइ रानीका सहायता लिई यी राजाले आफ्ना देशमा बौद्ध धर्मको जग बसाले। भारतवर्षबाट कुटिल लिपि लगेर वर्णमाला बनाई विद्याको प्रचार पनि शुरू गरे। यस तरहले भोटलाई सभ्य बनाउनामा आफ्नो जीवन बिताएका हुनाले भोटियाहरू यिनलाई अवलोकितेश्वरको र यिनका रानीहरूलाई ताराका अवतार मानेर बडो आदर गर्दछन्।

७। यशोधर्मा परलोक भएपछि गुप्तवंशको एक सानो शाखाले मगधमा र मौखरि भन्ने नयाँ राजवंशले कन्नौजमा बलिया राज्य स्थापना गरे। बङ्गाल पनि यिनै गुप्तका अधीनमा थियो। आसाममा यिनैताक पुराना राजवंशलाई हटाएर नयाँ राजवंश खडा भयो। दिल्लीनेर स्थानेश्वरमा पनि सानो राजवंश खडा भएको थियो। यस वंशका प्रसिद्ध राजा हर्षवर्धन [ई. सं. ६०६–६४७][१५] ले उत्तर भारतवर्षको ज्यादा भाग जितेर साम्राज्य स्थापना गरे। गुप्त, मौखरि र आसामका राजाहरू यिनका अधीनमा भए।

८। एकापट्टि भोटमा र अर्कापट्टि उत्तर भारतवर्षमा बलिया साम्राज्य खडा भएका हुनाले नेपालको राज्य दुइ ढुङ्गाका बीचको तरुल बन्यो। यस अवस्थामा अंशुवर्माको शक्ति मजबूत रहेको भए तापनि यी गद्दीनशीन राजा नहुनाले राज्यका पूरा अधिपति थिएनन्। राज्यलाई मजबूत गराउनाका निमित्त आफ्नो राज्याभिषेक गराएर शिवदेव पहिलाको अधीनता बिलकुल छोडिदिए [ई. सं. ६०६][१६]। यसै सालदेखि एक नयाँ संवत् चलाए। तर रूपवर्माका शासनकालका आरम्भदेखि यसको उठान माने। शिवदेव जीवित रहेसम्म महासामन्त भन्ने पदवीले नै सन्तोष गरी ती परलोक भएपछि मात्र हर्षवर्धनका बराबरीको महाराजाधिराज भन्ने पदवी पनि लिए। [ई. सं. ६१४ अं. ][१७]। योग्य शासक हुनाले स्रङ्चङ्गम्पो र हर्षवर्धनसँग मेलमिलाप राखी आफ्ना राज्यलाई उन्नत गराउने काम गर्दै रहे।

९। ई. सं. ६२१[१८] तिर अंशुवर्मा परलोक भए। यिनका जेठा छोरा युवराज उदयदेवलाई हटाएर जिष्णुगुप्त आभीरले अर्का छोरा मानदेव दोस्रालाई मानगृहका पुराना सिंहासनमा राखेर आफू कैलासकूटभवनमा बसी राज्य चलाउन थाले। केही वर्षपछि ध्रुवदेवलाई र योभन्दा पछिबाट भीमार्जुनदेवलाई राजसिंहासनमा राखिदिए। भीमार्जुनदेवकै समयमा जिष्णुगुप्त मर्दा यिनका छोरा विष्णुगुप्त उपराज भई शासनको काम चलाए। यी तीन लिच्छवि राजा र दुइ उपराजहरूको राज्यकाल २१ वर्ष जति रह्यो [ई. सं. ६२१–६४२[१९]]।

---

१३. अन्दाजि वि. सं. ६४७। १४. वि. सं. ६४९। १५. वि. सं. ६६३–७०३। १६. वि. सं. ६६३।
१७. अन्दाजि वि. सं. ६७१। १८. वि. सं. ६७८। १९. वि. सं. ६७८–६९९।

१०। प्रसिद्ध चिनिया यात्री युग्रान च्वाङ भारतवर्षका देश र बौद्ध तीर्थहरू घुम्दै भीमार्जुनदेव र विष्णुगुप्तका समयमा ई. सं. ६३७[20] मा नेपाल आए। यिनले आफ्ना भ्रमणवृत्तान्तमा यस समयका नेपालको जो बयान दिएका छन्, त्यसको सारांश यहाँ दिइन्छ–

यहाँबाट (वृजिका राजधानी वैशालीबाट) उत्तर–पश्चिमपट्टि लागी केही डाँडा र ब्याँसीलाई पार गरी नेपाल देशमा पुगें। यस देशको घेरा १३ २/३ सय माइल[21] छ। यो देश हिमालय पर्वतमा पर्दछ। यसको राजधानीको घेरा ७ माइल[22] छ। डाँडा र ब्याँसीको लहर अटूटसँग मिलेर रहेको छ। यो देश प्रशस्त फल, फूल र अनाज पैदा गर्नामा योग्य छ। यहाँ तामो, चमरी र चयाखुराको पैदाइस हुन्छ। व्यापारमा तामाको टकको चलती छ। हावापानीचाहिँ बरफ जस्तै ठण्डा रहेछ। मानिसहरू विश्वासघाती र धूर्त छाँटका रहेछन्। सदाचार औ ईमानदारीपट्टि यिनीहरू रूखा र निष्ठुर मिजास गर्दछन्। उनीहरूको अनुहार नराम्रो र भद्दा छ। धर्ममा श्रद्धा गर्ने, नगर्ने (धर्ममा विश्वास गर्ने भनेका बौद्ध, नगर्ने भनेका सनातनी) दुवै थरीको बस्ती त्यहाँ छ। बौद्धका विहार र देवालय परस्परमा जोरिएर रहेका छन्। त्यहाँ करीब दुइ हजार बौद्ध भिक्षु रहन्छन्। ती महायान हीनयान दुवै थरी शास्त्र पढ्दछन्। यो धर्म मान्ने यति, नमान्ने यति छन् भन्ने निश्चय केही छैन। राजा लिच्छवि क्षत्रिय छन्। तिनको चित्त निष्कपट, चरित्र निर्मल र पवित्र छ। उनीहरूलाई बुद्धका सिद्धान्तमा खूप विश्वास छ।

राजधानीदेखि पूर्व–दक्षिणपट्टि एउटा सानो नाला र पोखरी छ। त्यसमा कदाचित् हामीहरूले आगो फालिदिबौं भने एकदम ज्वाला उठ्दो रहेछ। अरू चीज फ्याक्यौं भने आगो बनेर त्यसको ढाँचै बदलिन्छ।

---

२०. वि. सं. ६९४। २१. ५८६ २/३ कोस। २२. ३ कोस।

# अंशुवर्माको अभिलेखका रामेश्वर र पर्वतेश्वरको विषयमा

– महेशराज पन्त

अंशुवर्माको हाँडिगाउँको संवत् ३२ को शिलालेखमा विभिन्न शैव र वैष्णव देवता तथा विहारहरूको चर्चा आएको छ ।[1] आजभन्दा ७२ वर्षअगाडि सो शिलालेख प्रकाशमा आएको हो[2] तापनि त्यहाँ नाउँ लिइएका सबै

१. (भगव)तः पशुपतेः पु ६ प २ दोलाशिखरस्वामिनः पु ६ प २...गुंविहारस्य पु ६ प २ श्रीमानविहारस्य पु ६ प २ श्रीरा(ज)विहारस्य पु ६ प २ खर्जूरिकाविहारस्य पु ६ प २ म(ध्य)मविहारस्य पु ६ प २ सामान्यविहाराणां पु ३ प १ रामेश्वरस्य पु ३ प १ हंसगृहदेवस्य पु ३ प १ मानेश्वरस्य पु ३ प १ साम्बपुरस्य पु ३ प १ वाग्वतीपारदेवस्य पु ३ प १ धारामानेश्वरस्य पु ३ प १ पर्वतेश्वरदेवस्य पु ३ प १ नरसिंहदेवस्य पु ३ प १ कैलासेश्वरस्य पु ३ प १ भुम्भुक्किका–जलशयनस्यपु ३ प १ तदन्यदेवकुलानाम् पु २ प २

[भगवान् पशुपतिलाई ६ पुराण २ पण, दोलाशिखरस्वामी (चाँगुनारायण)लाई ६ पुराण २ पण, गुंविहारलाई ६ पुराण २ पण, श्रीमानविहारलाई ६ पुराण २ पण, श्रीराजविहारलाई ६ पुराण २ पण, खर्जूरिकाविहारलाई ६ पुराण २ पण, मध्यमविहारलाई ६ पुराण २ पण, अरू सामान्य विहारहरूलाई ३ पुराण १ पण, रामेश्वरलाई ३ पुराण १ पण, हंसगृहदेवलाई ३ पुराण १ पण, मानेश्वरलाई ३ पुराण १ पण, साम्बपुरलाई ३ पुराण १ पण, वाग्वतीपारिका देवलाई ३ पुराण १ पण, धारामानेश्वर*लाई ३ पुराण १ पण, पर्वतेश्वरदेवलाई ३ पुराण १ पण, नरसिंहदेवलाई ३ पुराण १ पण, कैलासेश्वरलाई ३ पुराण १ पण, भुम्भुक्किकाजलशयनलाई ३ पुराण १ पण, तीबाहेकका अरू देवमन्दिरलाई २ पुराण २ पण]

(वि. सं. २०३१ मा प्रकाशित पूर्णिमा ३२ अङ्कमा छापिएको नेपाल इन् परस्पेक्टिभ्मा देखिएका इतिहाससम्बन्धी अशुद्धि भन्ने मेरो निबन्ध, सो अङ्कको २५८ पृष्ठ )

२. वि. सं. १९६५ मा पेरिसबाट अर्नेस्त लेरोद्वारा प्रकाशित सिल्भाँ लेभीको ले नेपाल्, एतूईद् ईस्तवरीक् द्'अन् न्वायोम् एँदू (हिन्दू अधिराज्य नेपालको इतिहासको परिशीलन) को ३ भागका ६१–६६ पृष्ठमा सो शिलालेख सबभन्दा पहिले छापिएको हो ।

* शिवलिङ्गका विभिन्न भेदमध्ये धारालिङ्ग पनि एक हो । धारालिङ्गमा लिङ्गको चारैतिर खाँद ठिकिएका हुन्छन् ।

[वि. सं. २०२८ मा पुनर्मुद्रित, काशीबाट इन्डोलजिकल बुक हाउसद्वारा प्रकाशित टी. ए. गोपीनाथ रावको

देवताहरूको र विहारहरूको परिचय अफ पाउन सकिएको छैन। त्यसैले त्यहाँ नाउँ लिइएका रामेश्वर र पर्वतेश्वरको विषयमा केही प्रकाश पार्ने चेष्टा गरी प्रस्तुत निबन्ध लेखिएको छ।

अंशुवर्माको हाँडिगाउँको सो शिलालेखका पहिला सम्पादक सिल्भाँ लेभीले वि. सं. १९६५ मा अनुवाद र व्याख्यासहित सो शिलालेख छपाउँदा रामेश्वर र पर्वतेश्वरलाई शैव देवता भनी लेखेका छन्, यी देवताको अरू कुनै परिचय दिएका छैनन्।[३]

अंशुवर्माको सोही अभिलेख श्रीधनवज्र वज्राचार्यले बि.सं. २०३० मा अनुवाद र व्याख्यासहित छपाउँदा उहाँले रामेश्वर र पर्वतेश्वरको केही परिचय पाउन सकिएको छैन भनी लेख्नुभएको छ।[४]

---

३. शैवइज्म्: पशुपति ७,२; रामेश्वर ३,१; मानेश्वर ३,१; धारामानेश्वर ३,१; पर्वतेश्वर ३,१; कैलासेश्वर ३,१; भट्टारकपादाः ७;२

(ले नेपाल्को ३ भागको ९२ पृ.)

[शैव सम्प्रदाय–पशुपति ७* पुराण २ पण, रामेश्वर ३ पुराण १ पण, मानेश्वर ३ पुराण १ पण, धारामानेश्वर ३ पुराण १ पण, पर्वतेश्वर ३ पुराण १ पण, कैलासेश्वर ३ पुराण १ पण, भट्टारकपादाः ७* पुराण २ पण]

४. रामेश्वर– यिनलाई ३ पुराण १ पण भाग छुट्याइएको छ। यिनीबारे केही थाहा पाइएको छैन। पर्वतेश्वरदेव– यहाँ पर्वतेश्वरदेवलाई ३ पुराण १ पण भाग नियत गरिएको छ। यिनको परिचय पाउन सकिएको छैन।

(वि. सं. २०३० मा काठमाडौँबाट त्रिभुवन विश्वविद्यालयको नेपाल र एशियाली अध्ययन संस्थानद्वारा प्रकाशित धनवज्र वज्राचार्यको **लिच्छविकालका अभिलेख**का ३२४,३२५ पृष्ठ)

---

**एलइमन्टस् अफ् हिन्डू आइकनग्रयाफि**) हिन्दू प्रतिमालक्षणका मूल कुरा)को २ भागका ९६–९७ पृष्ठ, १० सङ्ख्याको फलकको तेस्रो चित्र, परिशिष्टका २३–२५ पृष्ठ; वि. सं. २०१२ मा कलकत्ताबाट कलकत्ता विश्वविद्यालयद्वारा प्रकाशित जितेन्द्रनाथ बनर्जीको **द डिभेल्अप्मेन्ट् अफ् हिन्डू आइकनग्रयाफि**(हिन्दू प्रतिमालक्षणको विकास) को दोस्रो संस्करणका ४५९–४६० पृष्ठ। मानेश्वरमा जोडिएको धारा शब्दले योचाहिँ मानेश्वरलिङ्ग धारालिङ्ग हो भन्ने विषयमा श्रीलल्लनजी गोपालले प्रकाश पार्नुभएको छ [ वि. सं. २०३३ मा काशीबाट भारती प्रकाशनद्वारा प्रकाशित लल्लनजी गोपाल र ठाकुरप्रसाद वर्माको **स्टड्इज् इन् द हिस्टरि यान्ड् कल्चर् अफ् नेपाल्** (नेपालको इतिहास र संस्कृतिको परिशीलन) मा छापिएको लल्लनजी गोपालको रिलिजन् अनडर् द लिच्छविज् अफ् नेपाल् (नेपालका लिच्छविहरूको पालामा धर्म) भन्ने निबन्ध, सो ग्रन्थको ३ पृष्ठ ]

* लेभीले ६ को अङ्कलाई भूलले ७ पढेका हुन् (वि. स. २०२४ मा प्रकाशित **पूर्णिमा** १४ अङ्कका १२३–१२४ पृष्ठमा धनवज्र वज्राचार्यले छपाउनुभएको हाँडिगाउँको अंशुवर्माको अभिलेख)।

यताबाट अंशुवर्माको सो शिलालेखका दुवै ख्यातनामा सम्पादकले रामेश्वर र पर्वतेश्वरको चर्चा अन्त कतै नभेट्टाएको स्पष्ट हुन्छ।[५]

नेपालका देवस्थल र तीर्थहरूको परिचयको लागि हिमवत्खण्ड निकै उपयोगी ग्रन्थ भएकोले रामेश्वर र पर्वतेश्वरको परिचयको लागि पनि हिमवत्खण्ड पल्टाउनुपरेको छ।

हिमवत्खण्डमा रामेश्वर र पर्वतेश्वरका माहात्म्य विस्तारपूर्वक दिइएकाले[६] यी दुवै शिवलिङ्ग नामी रहेछन् भन्ने देखिन्छ। यसैले अंशुवर्माले अरू देवताहरूसँगै यी दुवै शिवलिङ्गलाई पनि विशेष भाग छुट्टयाएको बुझिन्छ।

---

५. श्रीजगदीशचन्द्र रेग्मीले आफ्नो नेपालको धार्मिक इतिहासमा एक ठाउँमा रामेश्वरलाई शैव देवता र अर्को ठाउँमा वैष्णव देवता भनी लेख्नुभएको छ–

त्यस कालमा शैवधर्मका प्रसिद्ध मन्दिरहरूको नामोल्लेख अंशुवर्माको ३२ संवत्‌को हांडीगाउँ अभिलेखमा भएको छ। त्यसमा लेखिएका देव मन्दिर (?) हरूमध्ये निम्नलाई शैवधर्मसंग सम्बद्ध गर्न सक्दछौं

| | |
|---|---|
| पशुपती | वाग्वतीपारदेव |
| रामेश्वर | पर्वतेश्वरदेव] |
| मानेश्वर | धारामानेश्वर |
| कैलासेश्वर | |

( वि. सं. २०३० मा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित जगदीशचन्द्र रेग्मीको नेपालको धार्मिक इतिहासको ७ पृष्ठ )

अंशुवर्माको पालामा नेपालमा कुन कुन वैष्णव देवता ( अथवा मन्दिर ) विशेष महत्वपूर्ण थिए भन्ने कुरा हाँडीगाउँको ३२ संवत्‌को अभिलेखबाट थाहा पाइन्छ। उक्त अभिलेखमा अंशुवर्माले रामेश्वर, साम्बपुर, नरसिंहदेव, भुम्भुक्किकाजलशयनलाई केही आर्थिक सहायता दिएको कुरा लेखिएको छ। उक्त नामका मन्दिर-हरूको आधुनिक स्थान निर्धारण गर्दा धेरै समस्या पर्दछन्। पहिलो रामेश्वरलाई हाल मृगस्थलीनेर रहेको रामको मन्दिरसंग सम्बद्ध गर्न सकिन्छ। रामेश्वर नामको कुनै मन्दिरको अरू उल्लेख भएको पाइदैन अतः यो अनुमान गरिएको हो।[२]

२. रामेश्वरलाई प्रायः शैव धर्मसंग सम्वद्ध गरिन्छ तर यहाँ कर्मधारय समास(रामश्चासौ ईश्वरः)को रूपमा लिई यस्तो विचार गरिएको हो।

( नेपालको धार्मिक इतिहासको १३२ पृष्ठ )

६. वि. सं. २०१३ मा काशीबाट योगप्रचारिणीद्वारा प्रकाशित योगी नरहरिनाथ, लोकराज सत्याल, चन्द्रनाथ योगी र लक्ष्मीनारायण चौडिलागाइद्वारा सम्पादित हिमवत्खण्डको मूलका २१८–२२०, २७९–२८० पृष्ठ

नेपालका प्रसिद्ध ६४ शिवलिङ्गहरूमध्ये यी दुवै शिवलिङ्गको नाउँ आएकाले[७] यी दुवै शिवलिङ्ग नेपालका प्रमुख शिवलिङ्ग रहेछन् भन्ने स्पष्ट हुन्छ ।

हिमवत्खण्डमा चम्पकेश्वरदेखि ३ हजार धनु(१२ हजार हात = डेढ कोस) पश्चिममा रामेश्वर महादेव छन्[८] भनी लेखिएकोले चम्पकेश्वर महादेवको स्थान पत्ता लाउन सके रामेश्वर महादेवको स्थान पत्ता लाउन सजिलो पर्ने हुनाले पहिले चम्पकेश्वरको विषयमा केही लेखिन्छ ।

हिमवत्खण्डमा चम्पकेश्वरनिरको सरस्वतीकुण्डको माहात्म्यको वर्णन गर्दा अनध्यायको दिन पढ्नाले पढे जति जम्मै बिर्सन पुगेका एकजना ब्राह्मण प्रारब्धको भोगले गर्दा यस जन्ममा पनि विद्याविहीन भएर रहेका थिए, पछि उनी चम्पकेश्वरनिरको सरस्वतीकुण्डमा गए र त्यहाँको जल पिएपछि पूर्वजन्ममा पढेको सबै विद्या उनले सम्झे भन्ने

---

७. रामेश्वरः स्थूलशिलास्वरूपः २९

श्रीपर्वतस्थेश्वर एव पूज्यः ३८

इति श्रीदेवतीर्थादिनामालायां क्रमेण कुशेश्वरादिचतुःषष्टिशिवलिङ्गनामवर्णनम् नाम तृतीय-खण्डम् ।

(वि. सं. १९६५ मा काठमाडौँबाट प्रकाशित रत्नगिरि गोस्वामीको श्रीदेवतीर्थादिनाममालाका ८,११,१२ पृ. । यो अंश हिमवत्खण्डको परिशिष्टको ८१ पृष्ठमा पनि छापिएको छ । )

[ ठूलो शिलास्वरूपका रामेश्वर ।

पूज्य श्रीपर्वतेश्वर ।

श्रीदेवतीर्थादिनाममालामा कुशेश्वर आदि ६४ शिवलिङ्गहरूका नाउँको क्रमपूर्वकको बयान भन्ने तेस्रो खण्ड सिद्धियो । ]

८. अतो वारुणदेशे त्वं भूयो गच्छ विरूपदृक् ॥५०॥
धनुषां त्रिसहस्रे च विदूरे सांप्रतं द्विज ।
रामेश्वरो महालिङ्गो रामतीर्थेन वै समम् ॥५१॥
यत्र विराजते नित्यं बहुपुण्यफलप्रदः ...॥५२॥

( हिमवत्खण्ड १०१ अध्याय, मूलको २१८ पृष्ठ )

[ हे विरूपाक्ष ! तिमी फेरि यहाँ (चम्पकेश्वर)बाट ३ हजार धनु पश्चिम(१२ हजार हात = डेढ कोस टाढा) अहिले जाऊ । हे ब्राह्मण ! रामतीर्थबराबरको, धेरै पुण्यको फल दिने रामेश्वर लिङ्ग जहाँ सधैँ विराजमान हुनुहुन्छ । ]

(हिमवत्खण्डको नेपाली भागको २२६ पृष्ठमा छापिएको महेश्वर शर्मा भट्टको अनुवादमा आवश्यक हेरफेर गरी यो अनुवाद तयार गरिएको हो ।)

एउटा कथा[९] र चम्पकेश्वरनिरको सरस्वतीकुण्डको जल छोएपछि एकजना व्याधालाई दिव्य ज्ञान र दिव्य दृष्टि मिल्यो भन्ने अर्को कथा[१०] र चम्पकेश्वरनिरको सरस्वतीकुण्डको जल पिएपछि विरूपाक्षलाई वाक्सिद्धि

---

९. आसीत्कृतयुगे विप्रो मनुर्नाम महातपाः।
पूर्वजन्मविपाकेन विद्याहीनोऽभवद्द्विज ॥८॥
प्रतिपद्यां सकृद्विद्यां भ्रांत्या पठन्गुरोर्मनुः।
जन्मान्तरेऽपि तद्दोषाद्विद्यां विस्मृतवान्पठन् ॥९॥
बृहस्पतिमुखाच्छ्रुत्वा इहैव प्राप्तवान्मुनिः ।
सारस्वते महाकुण्डे स्नात्वा पपौ जलं मुदा ॥१०॥
पीतमात्रेण तोयं तदधीतां पूर्वजन्मनि ।
चतुःषष्टिकलां विद्यामदृष्टां बुबुधेऽपि सः॥११॥

(हिमवत्खण्ड १०१ अध्याय, मूलको २१७ पृष्ठ)

[हे ब्राह्मण ! सत्ययुगमा मनु नाउँ गरेका ब्राह्मण ठूला तपस्वी थिए। पूर्वजन्मको फलले उनी विद्याहीन भए। गुरुबाट सिकेको विद्या एक पटक परेवा तिथिमा झुक्किएर पढेका मनुले अर्को जन्ममा पनि सोही दोषबाट पढेको विद्या बिर्से। बृहस्पतिको मुखबाट सुनेर मुनि यहीँ आइपुगे। ठूलो सरस्वतीकुण्डमा नुहाएर खुशी भएर जल पिए। त्यो जल पिउनेबित्तिकै पूर्वजन्ममा पढेको ६४ कलासमेतको विद्यालाई यस जन्ममा नदेखेको भए पनि जाने।]

(हिमवत्खण्डको नेपाली भागको २२५ पृष्ठमा छापिएको महेश्वर शर्मा भट्टको अनुवादमा आवश्यक हेरफेर गरी यो अनुवाद तयार गरिएको हो।)

१०. कश्चित्कालान्तरे म्लेच्छो विशंकुर्नाम विश्रुतः ॥२६॥
प्रययौ मृगयारण्यमेकाकी च क्षुधार्दितः।
विलंघ्य पर्व्वतान्म्लेच्छस्तथा च बहुकन्दराम् ॥२७॥
अत्रैव प्राप्तवान् विप्र क्षुधया पीडितो भृशं।
ददर्श मृगमेकं च अत्र चम्पककानने ॥२८॥
चरन्तं शाद्वले मृगं पिबन्तं तज्जलं मुहुः ।
हन्तुं प्रचक्रमेऽसौ हि सचरं तं महासुखम् ॥२९॥
सन्धाय तच्छरं ज्यायामुत्ससार शरं दृढं ।
तृणोद्घातरवं श्रुत्वा अपश्यच्चकितं दिशि ॥३०॥
बाणो धृतमृगो म्लेच्छं प्राघर्षं चकितेक्षणः।
क्षिप्रं दुद्राव भीत्याऽसौ अधश्चम्पकशाखिनः ॥३१॥

एतल्लिंगमुखं स्पृश्य गुल्माच्छन्नतनुः स्थितः ।
स चिक्षेप शरं म्लेच्छस्तमुद्दिश्य द्रुतं ततः ॥३२॥
पपौ तद्रुधिरं बाणो भित्वाङ्गमविशत् क्षितिं ।
व्यसुः पपात भूमौ स एतल्लिङ्गसमीपतः ॥३३॥
अवतेरुस्ततो व्योम्नो यानहस्ता हि तद्गणाः ।
सन्त्यज्य तत्तनुं चासौ दिव्यांगोऽभून्नरोत्तमः॥३४॥
याने चास्थाय तं दूता निन्युर्व्योम्नो हरालयम् ।
ततश्च शिवदूतानां चेष्टां यानं मृगस्य च ॥३५॥
स म्लेच्छस्तादृशं रूपं प्रेक्ष्योन्मनाऽभवत्तदा ।
अवधार्य्य ततश्चेष्टां किमित्यद्याद्भुतं भवत् ॥३६॥
स्पृश्य सरस्वतीतोयं तत्सर्व्वं ज्ञातवान्हि सः ।
ज्ञानयुक्तो विरक्तोऽभूद्विशंकुस्तं निरीक्ष्य च ॥३७॥
मयाद्य किं कृतं कर्म्म इति चिन्ताकुलो भृशं ।
सन्त्यज्य कार्म्मुकं तत्र विरक्तो ह्यत्र धावत ॥३८॥

(हिमवत्खण्ड १०१ अध्याय, मूलको २१७ पृष्ठ)

[कालान्तरमा विशङ्कुनाउँको कुनै म्लेच्छ भोकाएको छँदो जङ्गलमा एकलै शिकार खेल्दै गयो । हे ब्राह्मण ! पर्वतहरू र धेरै गुफाहरू नाघेर भोकले अत्यन्त सताएको त्यो म्लेच्छ यहीँ आइपुग्यो । यहाँ चाँपाको जङ्गलमा उसले एउटा मृग देख्यो । हरियो घाँसमा चरिरहेको, त्यहाँको जल बारंबार पिइरहेको, बडो आनन्दसँग चरिरहेको मृगलाई मार्न यसले आँट्यो । ताँदोमा बाण चढाएर म्लेच्छले कडा बाण तन्कायो । ठोक्रो ठोकिएको आवाज सुनेर मृगले झस्केर यताउति हेऱ्यो । बाण लिएको म्लेच्छलाई देखेर तर्सेको आँखा लाएको यो मृग डरले चाँपाको रूखमनि छिटै भाग्यो । यस शिवलिङ्गको मुखलाई छोएर भयाङ्ले जीउ ढाकिएको छँदो त्यो मृग उभियो । त्यस म्लेच्छले त्यसपछि त्यसलाई ताकेर छिटै बाण छोड्यो । बाणले त्यसको रगत पियो, आङ छेडेर बाण भुइँमा पस्यो । त्यो मृग प्राण गएको छँदो यस लिङ्गको नजीकै भुइँमा लड्यो । त्यसपछि सवारी लिएका शिवजीका गणहरू आकाशबाट ओर्ले । यस मृगले पनि त्यस शरीरलाई छोडेर ऊ देवताको जस्तो शरीर भएको उत्तम मनुष्य भयो । त्यसलाई सवारीमा राखेर दूतहरूले आकाशबाट शिवलोकमा लगे । त्यसपछि शिवदूतहरूको चाल, सवारी र मृगको त्यस्तो स्वरूप देखेर त्यो म्लेच्छ त्यस बेला बौलाहा जस्तो भयो । त्यसपछि चाल सह्यालेर आज किन गजब भयो भनी उसले विचार गरी त्यसले सरस्वतीकुण्डको जल छोएर त्यो सबै थाहा पायो । त्यसलाई देखेर विशङ्कु ज्ञानी र विरक्त भयो । मैले आज के काम गरें भनी पीरले अत्यन्त छटपटाउँदो छँदो त्यस म्लेच्छले त्यहाँ धनु छोडेर विरक्त भएको छँदो यहाँ दगुऱ्यो ।]

(हिमवत्खण्डको नेपाली भागका २२५–२२६ पृष्ठमा छापिएको महेश्वर शर्मा भट्टको अनुवादमा आवश्यक हेरफेर गरी यो अनुवाद तयार गरिएको हो ।)

मिल्यो[११] भनेर पनि लेखिएकोले हिमवत्खण्डमा वर्णन गरिएको सरस्वतीकुण्डको स्थानको बारेमा केही सुइँको मिलेको छ ।

नेपालखाल्डोको झण्डै दक्षिणी सिमानामा रहेको लेले गाउँमा एउटा प्रसिद्ध सरस्वतीकुण्ड छ । त्यस सरस्वतीकुण्डमा नुहाएर त्यहाँको जल पिए विद्या आउँछ, वाक्सिद्धि मिल्छ भन्ने लोकधारणा भएकोले श्रीपञ्चमीको दिन त्यस सरस्वतीकुण्डमा नुहाउनेहरूको घुइँचो हुन्छ । यस कारण चम्पकेश्वरनिरको सरस्वतीकुण्डमा नुहाउनाले विद्या आउँछ, वाक्सिद्धि मिल्छ भनी हिमवत्खण्डमा माहात्म्य गाइएको सरस्वतीकुण्ड लेलेकै सरस्वतीकुण्ड हो कि जस्तो देखिन आएकोले यस विषयमा अरू बढी खोजीनिती गर्नु परेको छ ।

हिमवत्खण्डमा चम्पकेश्वरको परिचय दिंदा तिलेश्वरदेखि २०० धनु (८०० हात) पश्चिममा चम्पकेश्वर छन्[१२]

---

११. ततः सरस्वतीकुंडे पीत्वा जलं विरूपदृक् ।
वाक्सिद्धिरभवद्भूयो लिंगार्च्चनाद्विकिल्बिषः ॥१॥

(हिमवत्खण्ड १०१ अध्याय, मूलको २१६ पृष्ठ )

[त्यसपछि सरस्वतीकुण्डमा जल पिएर वाक्सिद्धि पाएका विरूपाक्ष शिवलिङ्गको पूजा गर्नाले फेरि पापरहित भए ।]

(हिमवत्खण्डको नेपाली भागको २२४ पृष्ठमा छापिएको महेश्वर शर्मा भट्टको अनुवादमा आवश्यक हेरफेर गरी यो अनुवाद तयार गरिएको हो ।)

१२. भूयो गच्छ विरूपाक्ष यत्रासौ चम्पकेश्वरः।
धनुषां द्विशते दूरे अतो दिशि च वारुणे ॥७२॥

(हिमवत्खण्ड १०० अध्याय, मूलको २१६ पृष्ठ)

[हे विरूपाक्ष! फेरि जाऊ । यहाँ (तिलेश्वर)बाट पश्चिम दिशामा २०० धनु (८०० हात) टाढा जहाँ यी चम्पकेश्वर हुनुहुन्छ ।]

(हिमवत्खण्डको नेपाली भागको २२४ पृष्ठमा छापिएको महेश्वर शर्मा भट्टको अनुवादमा आवश्यक हेरफेर गरी यो अनुवाद तयार गरिएको हो ।)

नेमुनिना मुने सार्द्धं ययौ यत्र स्थितो हरः।
द्विशते सत्यसौ दूरे धनुषां दिशि पश्चिमे ॥३॥
सरस्वत्यां मुदा स्नात्वा चम्पकेशमपूपुजत् ...॥४॥

(हिमवत्खण्ड १०१ अध्याय, मूलको २१६ पृष्ठ)

[हे मुनि ! पश्चिम दिशामा २०० धनु (८०० हात) टाढा जहाँ यी शिवजी हुनुहुन्छ, त्यहाँ नेमुनिसँग विरूपाक्ष गए । सरस्वतीकुण्डमा खुशी भईकन नुहाएर चम्पकेश्वरको पूजा गरे । ]

(हिमवत्खण्डको नेपाली भागका २२४–२२५ पृष्ठमा छापिएको महेश्वर शर्मा भट्टको अनुवादमा आवश्यक हेरफेर गरी यो अनुवाद तयार गरिएको हो ।)

भनी लेखिएकोले यस सूत्रलाई समाई अघि बढ्न सके रामेश्वरको स्थानको परिचयमा मदत मिल्न जाने सम्भावना देखा परेको छ ।

तिलेश्वर महादेवको स्थान लेलेमा अझसम्म पनि छँदैछ र तिलेश्वर महादेवको स्थान भएको डाँडो तिलेश्वर डाँडोको नाउँले अझसम्म कहलिएकै छ । यस कारण तिलेश्वरदेखि २०० धनु पश्चिममा सरस्वतीकुण्डको नजीकै रहेको चम्पकेश्वर महादेवको स्थान लेलेकै आसपासमा रहेको देखिन्छ र हिमवत्खण्डमा चर्चा गरिएको सरस्वतीकुण्ड लेलेकै सरस्वतीकुण्ड हो भन्ने कुरा पक्का हुन गएको छ । यस कारण रामेश्वर महादेवको स्थान तिलेश्वर महादेवको स्थानदेखि झण्डै पौने दुइ कोस पर रहेको देखिन्छ ।

हिमवत्खण्डमा पशुपतिभन्दा ३ हजार धनु (डेढ कोस) उत्तरमा पर्वतेश्वर छन्[१३] भनी लेखिएकोले पर्वतेश्वरको स्थान पशुपतिदेखि डेढ कोस उत्तरमा रहेको देखिन्छ ।

हिमवत्खण्डबाट पाइएको यति प्रकाशको आधारमा बाटो पहिल्याउँदै गए रामेश्वर र पर्वतेश्वरलाई चिन्न सकिएला भन्ने आशा लिई यस निबन्धलाई यहीँ टुङ्ग्याइन्छ ।[१४]

❀

---

१३. भूयो गच्छ द्विजश्रेष्ठ यत्रास्ते पर्वतेश्वरः ।
पशुपतेरुदीच्यां हि धनुषां त्रिसहस्रके ॥२८॥

(हिमवत्खण्ड १४८ अध्याय, मूलको २७९ पृष्ठ)

[हे श्रेष्ठ ब्राह्मण ! तिमी फेरि पशुपतिदेखि तीन हजार धनु ( १२ हजार हात = डेढ कोस ) उत्तरमा जाऊ, जहाँ पर्वतेश्वर हुनुहुन्छ ।]

(हिमवत्खण्डको नेपाली भागको २८९ पृष्ठमा छापिएका गोविन्दप्रसाद भट्टराई, बालमुकुन्द शर्मा, अम्बिकाप्रसाद शर्मा, विष्णुप्रसाद शर्मा, डिल्लीश्वर शर्मा, तोयनाथ शर्मा, रोहिणीप्रसाद शर्मा र विश्वनाथ शर्माको अनुवादमा आवश्यक हेरफेर गरी यो अनुवाद तयार गरिएको हो ।)

१४. मल्ल राजाहरूका गुरुपुरोहितहरूका वंशधर पं. अच्युतानन्द राजोपाध्यायले हिमवत्खण्डमा उल्लेख गरिएका शिवलिङ्गहरूको नेवारी भाषामा तयार गर्नुभएको विवरणपत्रमा रामेश्वर महादेवको स्थान टीकाभैरवसँगै र पर्वतेश्वर महादेवको स्थान कैलासमा भएको कुरा लेखिएको छ–

**रामेश्वर...टीकाभैरवया लिउने नापं दु...**
**पर्वतेश्वर...कैलास**

[रामेश्वर– टीका भैरवको पछाडि सँगै छन् ।
पर्वतेश्वर– कैलास ]

वि. सं. १९९३ मा काशीबाट मुद्रित षडानन्द गजुरेल शुक्लद्वारा संशोधित श्रीधीरादेश पातञ्जल तीर्थावली श्री ३ युद्धप्रकाशमा रामेश्वर टीकाभैरवमा र पर्वतेश्वरचाहिँ कैलासदेखि उत्तर बौद्धमुनि भएको कुरा लेखिएको छ–

अब तिमि हिंड रामेश्वभनी दोइ आया,

दरशन तब टीकाभैरवै मा त पाया ...॥७१॥

(७ अध्याय, १४६ पृष्ठ)

पुण्य जब कइलासदेखि उत्तर,

बउधमनि छयीय पर्वतेश्वर ॥७५॥

(१० अध्याय, २१५ पृष्ठ)

वि. सं. २०२७ मा काठमाडौंबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्वविभागद्वारा प्रकाशित प्राचीन नेपाल १२ सङ्ख्यामा छापिएको नेपाल देशको इतिहास संग्रहमा रामेश्वर टीकाभैरवमा र पर्वतेश्वर-चाहिँ बौद्धटारमा छन् भनी लेखिएको छ–

| | देवता | तीर्थहरू | ठाउँ |
|---|---|---|---|
| १४. | रामेश्वर | प्रभावती र सरस्वतीको संगम | प्रभावतीतीर्थ टीकाभैरव |
| ५८. | पर्वतेश्वर | ज्ञानकूपतीर्थ | ईशान– बौद्धटार |

(५,७ पृष्ठ)

रामेश्वरको स्थान टीकाभैरवमा छ भन्ने कुरामा अच्युतानन्द राजोपाध्यायको विवरणपत्रको, पातञ्जल तीर्थावलीको र नेपाल देशको इतिहास संग्रहको एकमतो देखियो तापनि सो विवरणपत्रमा पर्वतेश्वर कैलासमा र पातञ्जल तीर्थावलीमा र नेपाल देशको इतिहास संग्रहमा भने बौद्धतिर भनी लेखिएकोले पर्वतेश्वरको अवस्थितिको विषयमा एकमतो देखिएन । चम्पकेश्वर (लेले) देखि डेढ कोस पश्चिममा रामेश्वर छन् भनी हिमवत्खण्डमा लेखिएको र लेलेबाट पौने कोस मात्र पश्चिममा टीकाभैरव भएकोले रामेश्वरको स्थान टीकाभैरवभन्दा पनि पश्चिममा भएको देखिन्छ । पशुपतिदेखि डेढ कोस उत्तरमा पर्वतेश्वर छन् भनी हिमवत्खण्डमा लेखिएको र कैलास पशुपतिको आसपासमै भएकोले र बौद्ध पनि पशुपतिबाट आधा कोस मात्र उत्तरमा भएकोले पर्वतेश्वरको स्थान बौद्धबाट पनि एक कोस उत्तरमा भएको देखिन्छ ।

दुइ वर्ष जतिअगाडि यही लेख लेख्ने क्रममा श्रीभोलानाथ पौडेलसँग लेले टीकाभैरवतिर म घुम्न गएको थिएँ । त्यस बेला टीकाभैरवको बाँधनिर रहेको अजङको छियाछिया परेको शिलालाई त्यहाँका मानिसहरूले रामेश्वर भनी मान्ने गरेको देख्दा श्रीदेवतीर्थादिनाममालामा **रामेश्वरः स्थूलशिलास्वरूपः** भनेको कुरा सम्झन पुगें । अहिलेको बाटोबाट हिड्दा लेले र टीकाभैरवको बीच पौने कोसको मात्र अन्तर भए तापनि जुन बेला **हिमवत्खण्ड** बन्यो, त्यस बेला लेलेबाट टीकाभैरव आउने अर्कै बाटो हुनु र त्यो बाटो अहिलेको भन्दा आधा कोस लामो हुनु पनि असम्भव छैन ।

# राय मल्लको मृत्यु कहिले भयो ?

–महेशराज पन्त

राय मल्लको मृत्यु भएको मिति नपाइएकोले श्रीडिल्लीरमण रेग्मी यस विषयमा अनुमान गर्दै यस्तो लेख्नुहुन्छ–

द डेट् अफ् रायमल्ल'ज् डेथ् इज् येट् अनसर्टिन् । द ल्याट्अर् क्रनिक्ल्ज् असाइन् हिम् ए रेन् अफ् १५ यर्ज् । बट् ही फिग्अर्ज् इन् डक्युमन्ट्स् अप्टु एन्एस् ६२४ । शूर्लि ही रेन्ड् मच् लङ्अर् । फ्रम् एन्एस् ६२५ टु ६३४ नो डक्युमन्ट्स् शो जइन्ट् रेन् । इन् ६३५ वी ह्याभ् रत्नमल्ल यान्ड् थ्री अद्अर्ज् रूलइङ् टुगेद्अर् (डक् ए१. १४) । राय मल्ल डज् नट् अपीर् हीर् । सो ही मस्ट् ह्याभ् डाइड् एन्इटाइम् बिट्वीन् एन्एस् ६२४ यान्ड् ६३५ । रत्नमल्ल'ज् डक्युमन्ट्स् युज्इङ् द एप्इथेट् परमेश्वर परमभट्टारक महाराजाधिराज बिकम् न्यूमर्अस् सिन्स् एन्एस् ६२९ । अल्दो अल् अफ् दीज् बिलङ् टु पाटन् यान्ड् काठमान्डु दे माइट् रिफ्लेक्ट् असम्प्शन् अफ् ए पोजिशन् अफ् स्यूप्रीम् रइअल्टि बाइ हिम् अन् द डेथ् अफ् राय मल्ल । वी क्यान् देर्फोर् सजेस्ट् द्याट् राय मल्ल डाइड् समटाइम् बिफोर् एन्एस् ६२९ यान्ड् आफ्टर् ६२५ ।

[वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल् (मध्यकालको नेपाल)को १ भागका ४६६–४६७ पृष्ठ]

[राय मल्लको मृत्युको मिति अझै टुङ्गो लागेको छैन । पछिल्ला वंशावलीहरूमा उनलाई १५ वर्षको राज्यभोग छुट्ट्याइएको छ । तर उनी लिखतहरूमा ने. सं. ६२४ सम्म देखिन्छन् । पक्कै पनि उनले बढी लामो समयसम्म राज्य गरे । ने. सं. ६२५ देखि ६३४ सम्मका कुनै पनि लिखतहरूबाट संयुक्त शासन देखिँदैन । ने. सं. ६३५ मा रत्न मल्ल र अरू तीन जना मिलेर राज्य गरिरहेको प्रमाण हामीसँग छ (१४ सङ्ख्याको लिखत) ।[१] राय मल्ल यहाँ देखिँदैनन् । यस कारण ने. सं. ६२४ र ६३५ को बीचको कुनै समयमा उनको मृत्यु भएको हुनुपर्छ । परमेश्वर परमभट्टारक महाराजाधिराज भन्ने विशेषण प्रयोग गरिएका, रत्न मल्लका लिखत ने. सं. ६२९ देखि निकै पाइन्छन् ।

१. रेग्मीजीको १४ सङ्ख्याको लिखतबाट ने. सं ६२५ माघकृष्ण चतुर्थी बृहस्पतिवारको दिन राजाको रूपमा रत्न मल्ल र इन्द्र मल्ल देखिएकाले र १५ सङ्ख्याको लिखतबाट चाहिँ ने. सं. ६३५ फाल्गुनशुक्ल पूर्णिमा बुधवारको दिन राजाको रूपमा रत्न मल्ल, रण मल्ल र राम मल्ल देखिएकाले (मेडिईभल् नेपाल्को १ भागको ४५८ पृ.) रेग्मीजीले लक्ष्य गर्नु भएको लिखत १५ सङ्ख्याको देखिन्छ । तर भूलले गर्दा १५ भन्नुपर्नेमा १४ लेख्न पुगेको स्पष्ट हुन्छ ।

यी सबै लिखत पाटन र काठमाडौंका हुन् तापनि राय मल्लको मृत्यु भएपछि मुख्य राजाको पद रत्न मल्लले लिएको कुराको छनक यिनबाट मिल्न सक्छ । यस कारण राय मल्लको मृत्यु ने. सं. ६२८ भन्दा अगाडि र ने.सं. ६२५ भन्दा पछाडिको कुनै समयमा भयो भनी हामी सुझाउन सक्छौं ।]

राजाको रूपमा राय मल्लको चर्चा ने. सं. ६२४ सम्मका लिखतहरूमा आएकोले र त्यसपछिका ने. सं. ६३५ सम्मका लिखतहरूमा राजाको रूपमा राय मल्लको नाउँ नपरी उनका भाइ रत्न मल्लहरूको मात्र नाउँ परेकोले रेग्मीजीले ने. सं. ६२४ र ६३५ को बीचमा राय मल्लको मृत्यु भएको हुनुपर्छ भनी अनुमान गर्नु भएको यताबाट स्पष्ट हुन्छ । ने. सं. ६२८ देखिका लिखतहरूमा रत्न मल्लको नाउँमा राजोचित विशेषणको बढी प्रयोग भएकोले राय मल्लको मृत्यु भएपछि रत्न मल्लको नाउँमा ती विशेषण लागेको अनुमान गर्नु हुँदै अलि तल रेग्मीजीले राय मल्लको मृत्यु ने. सं. ६२५ भन्दा पछाडिको र ने. सं. ६२८ भन्दा अगाडिको कुनै समयमा भयो भनी लेख्नुभएको पनि यताबाट स्पष्ट हुन्छ ।

अर्को ठाउँमा, राय मल्ल कहिलेसम्म राजा भए भन्ने विषयमा श्रीडिल्लीरमण रेग्मी यस्तो लेख्नुहुन्छ–

राय मल्ल ( १४८२–१५०५ ए. डी. )

...राय मल्ल रूल्ड् ओभर् भात्गाओं । वी ह्याभ् ए म्यानुस्क्रिप्ट् अफ् हिज् रेन्, गीतगोविन्दम्, डेट्इड् एन्एस् ६१६ । अनद्अर् म्यानुस्क्रिप्ट् रिट्न् इन् हिज् रेन्, कुसुण्डिकर्मकात्यायनीय, इज् डेट्इट् एन्एस् ६२० मार्गशिर कृष्ण सप्तमी । द क्रनिक्ल् ह्याज् गिभ्न् हिम् ए रेन् अफ् ट्वेलभ् यर्ज् । इफ् दिस् इज् ट्रु ही मस्ट् ह्याभ् डाइड् इन् ६१४ एन्एस् । बट् इन् भ्यू अफ् द अबभ् म्यानुस्क्रिप्ट् डेट्इट् ६२० दिस् इज् नट् ट्रु । मड्अर्न् क्रनिक्ल्ज् ह्याभ् १५ यर्ज् । अब्भिअस्लि दे आर् अल्सो नट् करेक्ट् । अन् द बेसिस् अफ् द म्यानुस्क्रिप्ट् डेट्स् रायमल्ल'ज् रेन् एक्सटेन्ड्ज् डेफ्इनिट्लि टु एन्एस् ६२० (=१५०० ए. डी.) । बट् दिस् मे नट् बी हिज् लास्ट् डेट् । रिसेन्ट्लि वी ह्याभ् ट्रेस्ड् ए डक्युमन्ट् अफ् हिज् सक्सेसअर्'ज् रेन्, ह्विच् डेट्स् फाल्गुण शुदी एन्एस् ६२५ । रायमल्ल इज् मेन्शन्ड् फर् द लास्ट् टाइम् इन् ए भात्गाओं इन्स्क्रिप्शन् अफ् ६२४ ।

(वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल्को २ भागका २०५–२०६ पृष्ठ)

[ राय मल्ल (वि. सं. १५३८–१५६२)

राय मल्लले भादगाउँमा राज्य गरे । हामीसँग उनको पालाको एउटा लेखोट पुस्तक गीतगोविन्द छ । त्यसको मिति ने. सं. ६१६ छ । उनको पालामा लेखिएको अर्को लेखोट पुस्तक कुशण्डीकर्म कात्यायनीयको मिति ने. सं. ६२० मार्गशीर्षकृष्ण सप्तमी छ । वंशावलीमा उनको राज्य १२ वर्ष दिइएको छ । यो साँचो हो भने उनको मृत्यु ने. सं. ६१४ मा हुनुपर्थ्यो । तर माथिको ने. सं. ६२० को लेखोट पुस्तक देखेपछि यो साँचो ठहर्दैन । आधुनिक

वंशावलीहरूमा उनको राज्य १५ वर्ष दिइएको छ। यी वंशावलीहरू पनि ठीक छैनन् भन्ने कुरा स्पष्ट छ। लेखोट पुस्तकहरूका मितिको आधारमा राय मल्लको राज्य ने. सं. ६२० (वि. स. १५५७) सम्म पक्कै छ। तर यो उनको सबभन्दा पछिल्लो मिति नहुन सक्छ। हालै हामीले उनका उत्तराधिकारीको पालाको लिखत फेला पारेका छौं। यसको मिति ने. सं. ६२५ फाल्गुनशुदि छ। राय मल्लको चर्चा पछिल्लो पटक भादगाउँको ने. सं. ६२४ को अभिलेखमा आएको छ।]

राय मल्लको चर्चा राजाको रूपमा सबभन्दा पछिल्लो पटक ने. सं. ६२४ मा आएको र उनका उत्तराधिकारीको ने. सं. ६२५ को लिखत पाइएको कुरा रेग्मीजीको यस लेखाइबाट बुझिन्छ।

राय मल्लको ने. सं. ६२४ सम्मको लिखत पाइएकोले र उनका उत्तराधिकारीको ने. सं. ६२५ को लिखत पाइएकोले राय मल्लको अन्त्य यसै ताका भएको अनुमान गर्नुपर्ने खण्ड परेको थियो। तर ताडपत्रमा प्राचीन लिपिमा लेखिएको केसरपुस्तकालयको हस्तलिखित ग्रन्थसङ्ख्या १६६ को तन्त्रविषयको ग्रन्थको अतिरिक्त पत्रमा टिपिएको अप्रकाशित टिपोटबाट राय मल्लको मृत्युको मिति थाहा भएको छ–

१ सम्वत ६३० थिशला गाको शतिं कोन्हु सोमवार थो कुन्हुः राजा रायमल दे ठाकुरतो शिवारिन जुबः अष्टि अंगारवारः थो कोन्हुः सपसंत्कार याङाः संखमोदत्य रथस जुरोः ह्ङथें ह्या मदोः नक दोयकाः गोल्व लं मचाल्वः खोप्वंनः थो ह्यका जुरो

सम्वत ६३० थिशला गाको शतिं कोन्हु सोमवार थो कुन्हुः राजा रायमल दे ठाकुरतो शिवरिन जुवः अष्टि अंगारबार थो कोन्हु सपसंत्कार याङाः (=ने. सं. ६३० (वि. सं. १५६६) मार्गकृष्ण सप्तमीको दिन सोमवार यस दिन राजा राय मल्लदेव ठाकुर शिवलीन हुनुभयो। अष्टमी मङ्गलवार यस दिन लाशको संस्कार गरियो।) भनी यहाँ लेखिएकोले राय मल्लको मृत्यु ने. सं. ६३० (वि. सं. १५६६) मार्गकृष्ण सप्तमी सोमवारको दिन भएको र उनको दाहचाहिँ भोलिपल्ट अष्टमी मङ्गलवारको दिन भएको बुझिन्छ। यसपछि संखमोदत्य रथस जुरोः भनी लेखिएकोले राय मल्लको दाह शङ्खमूलमा भएको देखिन्छ। यसपछि ह्ङथें ह्या मदो ... गोल्व लं मचाल्वः (= पहिलेको जस्तो गरेर ल्याइएन, देउपाटनको बाटो खुलेन) भनी यहाँ लेखिएको छ। यताबाट राय मल्लको दाह पशुपतिमा गर्ने विचार भक्तपुरेहरूको भए तापनि काठमाडौंको अधीनमा भएको देउपाटनको बाटो नखुलेकोले उनीहरूले शङ्खमूलमा लगेर राय मल्लको दाह गरेको बुझिन्छ। यताबाट रत्न मल्लले आफ्ना दाजुको दाहसुद्धा पनि आफ्नो इलाकामा गर्ने अनुमति नदिएकाले यस बेला यी दुइ राज्यको सम्बन्ध निकै बिग्रेको अनुमान हुन्छ। तात्कालिक नेवारी भाषामा लेखिएको यस टिपोटका जम्मै पदको अर्थ नलागेकोले यस विषयमा अरू बढी कुरा भन्न सकिएको छैन।

राय मल्लको मृत्यु ने. सं. ६३० मा भएको प्रमाणित भएकोले र राय मल्लका उत्तराधिकारीको ने. सं. ६२५ को लिखत पाइएकोले राय मल्लले राज्य छोडेका थिए कि भन्ने शङ्का उठ्न गएकोले अब यस विषयमा विचार गर्नुपरेको छ।

सबभन्दा पहिले, रेग्मीजीले चर्चा गर्नु भएको, राय मल्लका उत्तराधिकारीको ने. सं. ६२५ को लिखतको उतार यहाँ दिइन्छ–

नमो: लक्ष्मीदेव्यै: ।। श्रीश्रीश्रीलक्ष्मीप्रतिमा दयका श्रीश्रीजयभुवनमल्लदेवठाकुरसन दिवंगत जयमुयियात निमित्तन... दयका सम्वत् ६२५ फाल्गुनशुद्धि शुभम् ।।

(चाँगुनारायणको मन्दिरमा रहेको लक्ष्मीप्रतिमाको पादपीठको यो अभिलेख मेडिईभल् नेपालको २ भागको २०६ पृष्ठमा र वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा के एल. मुखोपाध्यायद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल्को ३ भागको १ खण्डका ६४–६५ पृष्ठमा छापिएको छ । तर पाठ कहीँकहीँ फरक छ । दुवै मिलाई यहाँ पाठ दिइएको छ ।)

ने. सं. ६२५ (वि. सं. १५६१)को यस लिखतमा भुवन मल्लको नाउँको अगाडि राजाधिराज परमेश्वर परमभट्टारक जस्ता राजोचित विशेषण नजोडिएकाले, राजा, नृप, भूप जस्ता शब्द पनि नपरेकाले र राय मल्लको मृत्यु ने. सं. ६३० ( वि. सं. १५६६ ) मा भएको प्रमाण पाइएकोले भुवन मल्लको यो लिखत उनको राज्यकालको नभई उनका बाबुकै राज्यकालको ठहरिन गएको छ । बाबुकै पालामा उनले कसैको सम्झनामा लक्ष्मीको मूर्ति स्थापना गरेको मात्र यताबाट प्रमाणित हुन्छ; यस बेला उनी राजा भइसकेका थिए भन्नेचाहिँ यताबाट प्रमाणित हुँदैन ।

पुनश्च–

यो लेख छापाखानामा गई कम्पोज भइसकेपछि पाटनका भद्रराज वज्राचार्यको सौजन्यबाट मैले हेर्न पाएको एउटा खण्डित ताडपत्रबाट ने. सं. ६२७ (वि. सं. १५६३) फाल्गुनशुक्ल चतुर्थीको दिन भक्तपुरमा राय मल्ल र उनका भाइ राम मल्लले मिलेर राज्य गरिरहेको कुरा बुझिन्छ । माटाका दुइवटा छाप भएको, अप्रकाशित सो ताडपत्र यस प्रकारको छ–

(१) ꣸ शुभ ।। श्रीश्रीजयरायमल्लदेवप्रभुठाकुरस श्रीश्रीजयराममल्लदेवप्रभुठाकुरसन उभयठाकुरसन पसादपा बंबुनामप्रदेसे: धरशिमाया: पाशिमाया द्यया शिमाया पचिछमत: शहकिपाक्षेत्रशिमाया उतत: चछुचाया क्षेत्रशिमाया पूर्वतश्च : जसतेजया क्षेत्रशि...

(२) श्च: एतेखा मधे बंबु अर्द्ध रोपनिक रोब बापक ।। ता क्षेत्र जथादेसकालप्रवतमानसंचाराघेन जथ्वसचितशुवर्णपोसपमालाघ प्रदोघितं: मूलमादाय श्वादिनानिवत्तकनाय क्रिविक्रितं भवंति वावार्यकुतोल वंखा याकातचछेगेहवाशिना ज्ञाननामने प्र...

(३) साषि खपो षनिह्मतोल लुंगुभारोस तवढुच्छे हर्षराजभारोस दृष्ट सम्वत ६२७ फाल्गुणशुद्धि ४ शुभ ।।

❀

# रत्न मल्लसँगै देखिएका इन्द्र मल्लको अन्त्य कसरी भयो ?

– महेशराज पन्त

ने. सं. ६२४ ( वि. सं. १५६० ) मार्गशुक्ल पञ्चमी बृहस्पतिवारको मिति भएको, नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको, चौथो १६०७ सङ्ख्याको वसुधाराधारणीबाट त्यस बेला रत्न मल्ल र इन्द्र मल्लले मिलेर राज्य गरेको बुझिन्छ –

आर्यवसुधारानामधारणी परिसमाप्ता...

राजाधिराजपरमेश्वरौ परमभट्टारकौ श्रीश्रीजयरत्नमल्लदेवश्रीश्रीजयेन्द्रमल्लदेवस्य विजयराज्ये ॥ दानपतिजीवराजसिंह ...सम्वत् ६२४ मार्गशिरशुक्लपञ्चम्यां तिथौ श्रवणनक्षत्रे ध्रुवयोगे गुरुवासरे । लिखितेयं इहैव···श्रीमत्मणिसंघविहारावस्थितसन्तलवज्राचार्यश्रीजिनचन्द्रेणेति ॥

( वि. सं. २०२३ मा शङ्करमान राजवंशीले पढ्नुभएको पाठ )

ने. सं. ६२५ ( वि. सं. १५६१) माघकृष्ण चतुर्थी बृहस्पतिवारको मिति भएको, नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको, चौथो ९४६ सङ्ख्याको वसुधाराधारणी र मणिभद्रजम्भलहृदयको पुस्तकबाट त्यस बेला काठमाडौँमा रत्न मल्ल र इन्द्र मल्लले मिलेर राज्य गरेको बुझिन्छ–

आर्य वसुधारानामधारणी समाप्त ।···

आर्यमणिभद्रजम्भलहृदयं समाप्तमिति ।···

राजाधिराजपरमेश्वरपरमभट्टारकौ श्रीश्रीजयरत्नमल्लदेवस्य श्रीश्रीजयइन्द्रमल्लदेवस्य तदुभयस्य विजयराज्ये । देयधर्मोयं प्रवरमहायानयायिनः श्रीकाष्ठमण्डपमहानगरे यन्ठलाच्छेटोलके स्वन्तविहाराधिवासिनः परमोपाशकशाक्यभिक्षुश्रीअमृतपालपोनस्य भार्या हेरमयी पुत्र अमृतराजभारो कनिष्ठपुत्र धर्मसिंहभारो सह यदत्र पुण्यं तद्भवत्वाचार्योपाध्यायमातापितृपूर्वङ्गमं कृत्वा सकलसत्वराशीनामनुत्तरफलप्राप्तयेति ।···

सम्वत् ६२५ माघमासे कृष्णपक्षे चतुर्थ्यां तिथौ उत्तरफाल्गुणपरहस्तनक्षत्रे सुक्रमपरधृतियोगे बृहस्पतिवासरे प्रतिष्ठा संपूर्णमिति ।

[वि. सं. २०२१ मा काठमाडौँबाट वीरपुस्तकालयद्वारा प्रकाशित, पूर्णरत्न वज्राचार्यद्वारा सम्पादित नेपालराजकीयवीरपुस्तकालयस्थपुस्तकानां बृहत्सूचीपत्रम् ( नेपाल राजकीय वीरपुस्तकालयमा रहेका पुस्तकहरूको ठूलो सूचीपत्र ) को ७ भागको १ खण्डका ७०–७१ पृष्ठमा यो पुष्पिका सबभन्दा पहिले छापिएको हो । त्यसपछि वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित डिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल्

( मध्यकालको नेपाल ) को १ भागको ४५८ पृष्ठमा १४ सङ्ख्याको लिखतको रूपमा यो छापिएको छ । पूर्णरत्न वज्राचार्यले संवत्को अङ्क अशुद्ध पढी ४२५ भनी छपाउनुभएको छ । तर उहाँले पुष्पिकामा परेका नेवारी वाक्य पनि सबै दिनु भएकोछ । यहाँ मैले दिएको पाठ वि. सं. २०२३ मा शङ्करमान राजवंशीले पढेअनुसारको छ । शङ्करमान राजवंशीले पढेको पाठमा नेवारी वाक्य छोडिएका छन् । तर डिल्लीरमण रेग्मीले दिएको पाठभन्दा शङ्करमान राजवंशीले पढेको पाठ केही बढी छ । रेग्मीले ग्रन्थको नाउँ सप्तवरधारणीनामसङ्गीति दिए तापनि पुष्पिकाअनुसारका नाउँ मैले दिएको हुँ । )

नेपाल राष्ट्रिय पुस्तकालयमा रहेको जगन्मोहनमा टिपिएको एक टिपोटबाट यी इन्द्र मल्लको विवाह वि. सं. १५६१ वैशाखकृष्ण पञ्चमी शनिवारको दिन सीतादेवीसँग भएको थियो भन्ने कुरा बुझिन्छ । इन्द्र मल्ललाई त्यहाँ श्रीश्रीश्रीपशुपतिचरणकमलधूलिधूसरितशिरोरुहश्रीमन्मानेश्वरीवरलब्धप्रशादिकरघुवंशावतारदेदीप्यमानराजाधिराजपरमेश्वरपरमभट्टारकश्रीश्रीजयइन्द्रमल्लदेव भनी लेखिएकोले यिनलाई राजोचित विशेषणले अलङ्कृत गरेकोमा सन्देह रहँदैन । सो टिपोट यस प्रकारको छ–

अथ श्रीकलिवर्ष ४६०५ अथ श्रीविक्रमाब्द १५६१ अथ शकाब्द १४२६ अथ श्रीमन्नैपालिक स्वस्ति श्रेयोस्तु सम्वत् ६२४ वैशाखमासे कृष्णपक्षे पञ्चम्यां तिथौ घटि ३७ श्रीदिने । तैतिलकरण । बिधिमूहूर्ते ।। शुक्रहोरायाम् ।। उत्तराषाढनक्षत्रे घटि ५१ ।। शुभघटि २ शुक्रयोगे । शनैश्चरवासरे विवाहाबेला श्रीसूर्योदयात्परतो घति १८ विघटि ६ ।। सिंहलग्ने । कर्कटहोरायाम् ।। मेषद्रेकरणे ।। तुलानवांशके वृषराशिगतसवितरि मकरराशिगते चन्द्रमसि अस्यां बेलायाम् श्रीश्रीश्रीपशुपतिचरणकमलधूलिधूसरितशिरोरुहश्रीमन्मानेश्वरीवरलब्धप्रशादिकरघुबंशावतारदेदीप्यमानराजाधिराजपरमेश्वरपरमभट्टारकश्रीश्रीजयइन्द्रमल्लदेवस्य विवाही श्रीश्रीशीतादेव्या मधुपवर्कसमन्जयकरग्रहणमुखावलोकन स बेलायां विवाहे पुत्रपौत्रादिमहाराज्यलक्ष्मीवृद्धिरस्तु ।। .. ।।

(मेडिईभल् नेपालको १ भागका ४७०–४७१ पृष्ठमा छापिएको एफ् सङ्ख्याको लिखत)

वि. सं. १५६१ वैशाखकृष्ण पञ्चमी शनिवारको लिखतमा राजोचित विशेषणले अलङ्कृत गरिएका इन्द्र मल्ल वि. सं. १५६० मार्गशुक्ल पञ्चमी बृहस्पतिवारको लिखतबाट र वि. सं. १५६१ माघकृष्ण चतुर्थी बृहस्पतिवारको लिखतबाट रत्न मल्लसँग मिलेर राज्य गरिरहेका कुरा यतिसम्मका कुराबाट स्पष्ट भएको छ ।

यक्ष मल्लका छोरा रत्न मल्लसँग मिलेर राज्य गर्ने यी इन्द्र मल्ल को हुन् भन्ने कुरा थाहा भएको छैन तापनि यिनको अन्त्यको विषयमा केही कुरा थाहा हुन गएको छ । ताडपत्रमा प्राचीन लिपिमा लेखिएको केसरपुस्तकालयको हस्तलिखित ग्रन्थसङ्ख्या १६६ को तन्त्रविषयको ग्रन्थको अतिरिक्त पत्रमा राय मल्लको मृत्युको विषयमा लेखिएपछि इन्द्र मल्लको अन्त्यको विषयमा यस्तो लेखिएको छ । अप्रकाशित सो टिपोट यस प्रकारको छ–

१ सम्वत् ६३१ चंगुनिला गाको दुराख चेत्रनक्षेत्र व्याघानजोग: आदितवार: थो कोन्हु इन्द्रमलदेव राजास: जातक: मि भिया: सतिदेवित्वं: जातक वो मि बिस्यं वंगो जुरो संखमोदत्य रथस जुरो:

थोन: जातवा श्रीश्रीलतनमलदेव ठाकुस्यं: बंधिस तया दुव गु रावोद्धारे: तावादेवस्यं बंधि: कुथिस स्याचका जुरो ०, थो वेर लगं – मचाल्व जुरो ०, थो उदेसन: जातक वो मिस्य वंगोत्वं जुरो: खोप्वनं: संखमोदत्य [ह]या जुरो: ।।

तात्कालिक नेवारी भाषामा लेखिएको यस टिपोटका सबै शब्दको अर्थ लागेको छैन तापनि यताबाट इन्द्र मल्लको अन्त्य कसरी भयो भन्ने विषयमा केही प्रकाश भने अवश्य परेको छ । रत्न मल्लले इन्द्र मल्ललाई थुनेका थिए; नौ महीनापछि इन्द्र मल्ललाई रत्न मल्लले कैदमै मार्न लगाए; ने. सं. ६३१ (वि. सं. १५६८) चैत्रकृष्ण द्वितीया आदित्यवारको दिन राजा इन्द्र मल्लकी रानी आपना लोग्नेको चिनासँगै शङ्खमूलमा सती गइन् भन्ने कुरा सम्वत् ६३१ चंगुनिला गाको दुराख चेत्रनक्षेत्र व्याघानजोग: आदितवार: थो कोन्हु इन्द्रमलदेव राजास: जातक मि भिया: सतिदेविल्वं जातक वो मि बिस्यं वंगो जुरो—संखमोदत्य रथस जुरो:...श्रीश्रीलतन-मलदेव ठाकुस्यं: बंधिस तया दुव गु रावोद्धारे: तावादेवस्यं बंधि: कुथिस स्याचका जुरो०, भनी लेखिए-कोबाट स्पष्ट बुझिएको छ । इन्द्र मल्लको विवाहको बयानमा उनकी रानीको नाउँ सीतादेवी भएको कुरा माथि परिसकेको छ । यस टिपोटमा सतिदेवी चिनासँग सती गइन् भनेर यिनै सीतादेवीलाई नै भनेको देखिन्छ ।

यतिसम्मका कुराबाट वि. सं. १५६०–१५६१ मा रत्न मल्लसँगै राजाको रूपमा देखा परेका इन्द्र मल्लको अन्त्य रत्न मल्लबाट वि. सं. १५६८ मा भएको स्पष्ट हुन्छ ।

❀

# श्री ५ पृथ्वीनारायण शाहको उपदेशको व्याख्यात्मक संस्कृतपद्यानुवाद

— नयराज पन्त

## प्राक्कथन

अहिले म सतसट्ठी वर्ष पूरा भइसकेको छु। आफ्नो बाइस वर्षको उमेरमा मैले नेपालको इतिहास पढ्न थालें। हाम्रो देशमा प्राचीनकालको इतिहास क्रमपूर्वक लेखिएको पाइँदैन। त्यस बेलाका मानिसहरूले बोलेको कुरा पनि क्रमपूर्वक पाइँदैनन्। यस कारण तिनीहरूको विषयमा पक्का कुरा भन्न अहिले गाह्रै पर्छ।

नेपालको अर्वाचीन इतिहासमा श्री ५ पृथ्वीनारायण शाहको उपदेशबाट राजनीतिको उनको ज्ञान झल्कन्छ। आचार्य कौटल्यको महनीय ग्रन्थ अर्थशास्त्रसँग यो उपदेश ठाउँठाउँमा मिल्छ भन्ने मलाई लाग्छ। यस कारण मैले आचार्य कौटल्यलाई जस्तै श्री ५ पृथ्वीनारायण शाहलाई पनि महापुरुष ठानेको छु। संस्कृतभाषामा श्री ५ पृथ्वीनारायण शाहको भाव सुरक्षित होओस् भनेर यस उपदेशको मैले संस्कृतभाषामा १३४ पद्यमा उल्था गरें। योगी नरहरिनाथको उद्योगले छापिएको संस्कृतभाषाको मासिक पत्र संस्कृत-सन्देशमा सो संपूर्ण अनुवाद छापियो पनि। वि. सं. २०१०–११ भर संस्कृतसन्देश छापियो। यस अवधिमा संस्कृत-सन्देशका १२ खण्ड प्रकाशित भए। ती १२ खण्डमध्ये एघारौं खण्ड छोडेर हरेक खण्डमा श्री ५ पृथ्वीनारायण शाहको उपदेशको मैले गरेको संस्कृतपद्यानुवादका अंश परेका छन्। त्यस बेला त्यसको सम्पादन गर्ने काम नानी ज्ञानमणि नेपालले गरेका थिए।

श्री ५ पृथ्वीनारायण शाहको उपदेशको नेपाली भाषामा ३७२ पद्यमा मैले गरेको अनुवाद जगदम्बा–प्रकाशनका प्रबन्धक श्रीकमल दीक्षितको प्रबन्धबाट वि. सं. २०२५ मा प्रकाशित भयो। त्यसका अङ्गको रूपमा श्री ५ पृथ्वीनारायण शाहसम्बन्धी अरू अरू कुरा पनि सँगै प्रकाशित गरिए। अहिलेसम्म सो ग्रन्थका १५०० पृष्ठ छापिएका छन्। यस सम्पादनकार्यमा नानी देवीप्रसाद भण्डारी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तले प्रशंसनीय काम गरे।

म अष्टाध्यायी दिनकादिन पढ्छु। अष्टाध्यायीका सहायक ग्रन्थका रूपमा अमरकोश र भट्टिकाव्य पनि हरेक दिन मैले पढ्ने गरेको छु। भ्याएसम्म कौटलीय अर्थशास्त्र पनि म पढ्छु। संस्कृतमा लेखिएका पुराना नयाँ काव्य पनि अवसर मिलाई म पढ्छु। दिनकादिन केही लेख्छु। बिहान बिउँझेपछि धेरैजसो एउटा पद्य लेख्ने गरेको छु। मेरो यस्तो दिनचर्या भएकोले पहिले संस्कृत-सन्देशमा छापिइसकेको श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृतपद्यानुवादको संशोधन गरी फेरि छाप्नु बढिया होला भन्ने मलाई लागेकोले र केही सहृदयहरूले

प्रेरणा पनि दिएकाले मैले सो काम थालें । श्री ५ पृथ्वीनारायण शाहको उपदेशको व्याख्यात्मक संस्कृतपद्यानुवाद ४०० जति पद्यमा मैले सिद्धयाएको पनि केही वर्ष भयो । मेरो यस लेखको सम्पादन गर्ने काम नानी महेशराज पन्त र दिनेशराज पन्तबाट भएको छ । यसको प्रारम्भको केही भाग वि. सं. २०३१ मा नानी भोलानाथ पौडेलले आफ्नो खर्च लगाई छपाइदिएका थिए । तर सो प्रकाशित हुन सकेको छैन । त्रिभुवन-विश्वविद्यालयको संस्कृत-अध्ययन-संस्थानद्वारा प्रकाशित हैमिवतीको दोस्रो अङ्कमा वि. सं. २०३२ मा यसको बीचको अलिकता भाग प्रकाश भएको छ । अहिले छापाखानामा पठाउन हुने रूप तयार गर्ने काम मेरो इच्छा र विचारअनुसार मेरी जेठी बुहारी मीनूले गरिदिएकी छन् । यस काममा सहायता गर्ने सबैलाई यथोचित धन्यवाद छ ।

○

# राज्ञः पृथ्वीनारायणशाहस्योपदेशः

## उपक्रमः

### मूलपाठः

स्वस्ति श्रीगणेशाय नमः ॥ ॥ श्रीकालिका सहाः॥ ॥ श्री ३ सिव गोरषनाथ सहाः ॥ ॥

श्री ५ प्रिथिनारायण सहाः ॥ ॥ श्रीश्रीश्री ५ बुढा महाराजाले तिन सहर नेपाल र हिंदुपतिको राज लियापछि पछिल्ला पटक् नुहाकोटमा पाउलाग्नुभयामा गुरू प्रोहित थरघर भैयाद भारादार र आफ्ना ददा सुरथिंसिं राना सबैका बुढापाकाछेउ हुकुम भयाका कुरा.

### संस्कृतच्छाया

स्वस्ति । श्रीगणेशाय नमः । श्रीकालिका सहायिका भवतु । श्रीशिवगोरक्षनाथौ सहायकौ भवताम् ।

अथाऽतो दिवङ्गतस्य महाराजाधिराजस्य पृथ्वीनारायणशाहस्य विषयः। स महाराजाधिराजो नेपालद्रोणिभाञ्जि त्रीणि राज्यानि हिन्दुपतिपदभूषितानां सेनानां च त्रीणि राज्यानि विजित्य स्वकीयेऽन्तिमे काले नुवाकोटम् अगच्छत् । तत्र स्वनिधनात् पूर्वम् आचार्यान् पुरोहितान् षट्कुलीनान् मौलान् बन्धून् महामात्रान् स्वबाल्योपस्थापकं रानावंश्यं सुरथसिंहम् अन्यान् ज्ञानवृद्धान् वयोवृद्धांश् च स्वसन्निधौ सन्निपात्येमां वाचम् अकथयत् ।

### पद्यमयी व्याख्या

#### मङ्गलाचरणम्

**भक्तानां सिद्धिदाया भवतु गणपतिर् विघ्नविध्वंसकारी,**
**सैन्यैः सार्धं व्रजन्ती क्षपयतु समरे कालिका शत्रुतेजः।**

स्मेरास्यश् चन्द्रचूडो भवतु पशुपतिश् चित्तसन्तापहारी,
योगी गोरक्षनाथो वितरतु सततं भावनां शुद्धरूपाम् ।।१।।

गोरखाराज्यस्य संस्थानम्

याम्ये पार्श्वे हिमाद्रेर् धनददिशि महाभारता ऽऽ ख्याद् महीध्राद्
मध्ये चम्पात्रिशूल्योर् वनगिरिबहुलं गोरखाराज्यमासीत् ।

धनददिशि = उत्तरस्याम्

पैतृके गोरखीये सिंहासने पृथ्वीनारायणशाहस्या ऽऽ रोहणम्

शाहा ऽऽ ख्यक्षत्रवंश्यो नवनवगिरिभू १७९९ वैक्रमा ऽ ब्दे नखा ऽ २०ब्दः
पृथ्वीनारायणोऽत्र स्वकुलसमुचितं भूमिपालत्वमाप ।।२।।

नुवाकोटदुर्गस्य संस्थानं
पृथ्वीनारायणस्य विजययात्रायाः प्रारम्भश् च

प्राच्ये शूलोद्भवाया गिरिशिरसि नुवाकोटनाम्ना प्रसिद्धं
पाश्चात्त्यं सीमदुर्गं धनकरमभवत् कान्तिदेशा ऽ धिपस्य ।
पण्या ऽ ध्वा भोटगामी धरणिरपि कृषेस् तेन संरक्ष्यते स्म,
यात्रा ऽ ऽ दौ गोरखेशो विधुखगजमही १८०१ वैक्रमा ऽ ब्दे ऽ जयत् तत् ।।३।।

मल्लभूपानां बलक्षयः

नेपालद्रोणिदेशे कृतनिजकटकान् मल्लवंश्यान् नृपाँस् त्रीन्
षाड्गुण्यं सेवमानः स नृपतिरकरोत् क्षीणशक्तीन् क्रमेण ।

द्रोणिः = पर्वतपरिवृता भूमिः
कटकः = राजधानी

पृथ्वीनारायणशाहस्याऽ निर्वेदः

पृथ्वीनारायणेशं रणभुवि विजयश्रीः कदाचित् सिषेवे,
मल्लेशांस् तद्विपक्षान् अपि करुणदृशा सा कदाचिद् ददर्श ।।४।।
लेभे भङ्गं महान्तं रणभुवि बहुधा किन्तु गोरक्षराजश्-
चित्ते भङ्गं न लेभे क्षपितबहुजनो जातभूरिव्ययोऽपि ।

मकवानपुरदुर्गोपलम्भः

देशं माकन्दसंज्ञं द्विरदवनवृतं सेनभूपालराज्यं
सस्या ।ऽढ्यं गोरखेशो नवविधुगजभू १८१९ वैक्रमाब्दे जिगाय ।।५।।

नेपालं जिगीषोर् मीरकासीमस्य पराजयः

बङ्गालक्ष्माऽ। धिपालो यवनकुलजनिर् मीरकासीमनामा
नेपालं जेतुमैच्छद्, नवशशिगजभू १८१९ वैक्रमे तस्य सेना ।
आयाद् माकन्ददेशं, यवननृपचमूर् गोरखाधीशचम्वा
घोरे युद्धे विजिग्ये, क्षपितनिजबला प्राद्रवद् म्लेच्छसेना ।।६।।

नेपालं जिगीषवोऽङ्ग्रेजाः पराजिताः

नेपाले भोटदेशेऽपि च सितवदनाः सार्थवाहा भवन्तु
सम्यग् लब्धप्रवेशा इति सितवदनश्रेणिनाथो ववाञ्छ ।
नेपालं जेतुमिच्छोः श्रुतिभुजगजभू १८२४ वैक्रमे तस्य सेना
गोरक्षाऽधीशचम्वा सिँधुलिपरिसरे निर्जिता द्राविता च ।।७।।

कान्तिपुरदुर्गोपलम्भः

कान्त्याख्यां राजधानीं सुरगृहबहुलां कान्तिदेशाऽधिपस्य
मूलं दुर्गं विजिग्ये शरभुजगजभू १८२५ वैक्रमे गोरखेशः ।

ललितपुरदुर्गोपलम्भः

आत्मा ऽभीष्टं मनुष्यं धरणिपतिपदे मन्त्रिभिः स्थापयद्भिः
स्वैरं संभुज्यमानं सुखमजयदसौ पाटनं वत्सरेऽस्मिन् ॥८॥

अस्मिन् वत्सरे = १८२५ वैक्रमाब्दे

भक्तपुरदुर्गोपलम्भः

भग्नाभ्यां भूपतिभ्यां सममवनिभुजा स्वेन चेति त्रिसङख्यैर्
नेपालद्रोणिपालैः शरणमिति धिया संश्रितं दुर्गरूपम् ।
भक्तग्रामं स्वसैन्यैः परित उपहतं कारयन् योधयँश् च
घस्त्रत्रय्या ३ विजिग्ये रिपुभुजगजभू १८२६ वैक्रमे गोरखेशः॥९॥

भग्नाभ्यां भूपतिभ्याम् = पराजयं प्राप्य पलायिताभ्यां कान्तिपुराधीशललितपुराधीशाभ्याम्

लमजुङ्-शाद्यो न जिताः

प्राच्यान् उन्मूल्य भूपान् निगम ४ परिमितान् गोरखाभूमिपालः
पाश्चात्यान् जेतुकामो धरणिपरिवृढान् प्रेषयामास सेनाम् ।
लेभे साफल्यमादौ रणभुवि पृतना गोरखेशस्य किन्तु
पश्चात् पाश्चात्यभूपैः समुदिततरसा निर्भरं सा विजिग्ये ॥१०॥
पाश्चात्या गोरखीयान् कतिचिदवधिषुर् द्रावयन्ति स्म शेषान्,
पाश्चात्यं भूमिखण्डं लघुतममपि नो गोरखा ऽ। धीश आप ।
पृथ्वीपालाः प्रतीच्याः समुदितपृतना गोरखीयां धरित्रीं
जेतुं युद्धानि चक्रुः समरभुवि परं नैव साफल्यमापुः ॥११॥

चौदण्डीदुर्गोपलम्भः

प्राच्यं राज्यं किराता ऽभिधजनबहुलं कौशिकीनीरसिक्तं
चौदण्डीनामधेयं द्विरदवनवृतं भूरिकेदारशालि ।
सेना ।ऽख्यक्षत्रवंशोद्भवधरणिभुजा भुज्यमानं जिगाय
गोरक्षेशो विहायोज्वलनगजमही १८३० संमिते वैक्रमाब्दे ।।१२।।

केदारः = क्षेत्रम्

विजयपुरदुर्गोलम्भः

राईसाचिव्ययुक्तं सचिववशगतं राजपीठस्थसेनं
चौदण्डीतुल्यरूपं विजयपुरमथो द्राग् विजिग्ये स भूपः।।

सुखिमसीमया समगच्छत नेपालसीमा

जित्वा त्रीन् मल्लवंश्यान् धरणिपरिवृढांस् तावतः सेनवंश्यान्
प्राच्यां नेपालसोमां सुखिममुपगतां गोरखेशश् चकार ।।१३।।

माकन्दपुरं कान्तिपुरं ललितपुरं भक्तपुरं चौदण्डी विजयपुरं चेति षड् राज्यानि पृथ्वीनारायणो जिगाय ।

नेपालस्यैकीकरणेच्छा

पृथ्वीनारायणस्य क्षेत्रियो रोगश् च

आसन्नत्रिंश ३० वर्षैर् नयनिपुणमतेर् गोरखेशस्य कृत्या
प्राच्या नेपालभागाः पुनरपि मिलिता एकसूत्रे बभूवुः ।
आशायां पश्चिमायां प्रणिहितनयनं तं नुवाकोटमाप्तं
द्वापञ्चाशत् ५२ समीनं धरणिपरिवृढं क्षेत्रियो व्याधिराप ।।१४।।

क्षेत्रियः = दुश्चिकित्स्यः

मन्त्रिवर्गस्य चिन्ता

व्यर्थे वैद्योपचारे ऽनुदिनमवनिपे ग्लानिमापद्यमाने
दीने वर्गे स्वकीये रिपुजनहृदये तोषमापत्स्यमाने ।
निर्वाणे ऽस्मिन् प्रदीपे घनतमसि कथं दर्शनीयः सुमार्ग
इत्थं चिन्तानिमग्नो नतमलिनमुखो मन्त्रिवर्गो बभूव ।।१५।।

पृथ्वीनारायणस्य सन्निधावाचार्यादीनाम् उपस्थानम्

भूपालः स्वीयमृत्युं सविधमुपगतं रोगरूपाद् विवेद,
रोगार्त्तोऽप्यात्मवत्त्वाद् नयनिहितमना भावि कार्यं स दध्यौ ।
राज्ञा ऽऽचार्यः पुरोधा नरपतिकुलजा मौलवर्गः प्रधाना
बाल्योपस्थापकः स्वः स्थविरबुधजना ऊचिरे सन्निपात्य ।।१६।।

## उपदेशस्य परम्परा

मूलपाठः

बुढा मरे भाषा सरे भनि भछन्न्. तिमिहरू सबैछेउ सुनाइ गयाको भया तम्रा सन्तानलाइ सुनाउला र तम्रा सन्तानले हाम्रा सन्तानलाई सुनाउनं र यो राजे थामि षानन्‌।।

संस्कृतच्छाया

वृद्धे मृते तद्भाषा ऽन्यत्र वासं करोतीति लोकाः कथयन्ति । सर्वान् युष्मान् स्वकीयम् अनुभवम् श्रावयित्वा चेद् गच्छेयं यूयं स्वाः सन्ततीस् तं श्रावयेत । युष्माकं सन्ततयश् चा ऽस्माकं सन्ततीस् तं श्रावयेयुः। ताश् चैतद् राज्यम् आत्मानं च रक्षेयुः।

पद्यमयी व्याख्या

नानारूपान् मनुष्यो ऽनुभवति विषयान्, बुध्यते तेन किञ्चिद्,
अन्यान् बोधं स्वकीयानुभवसहचरं श्रावयित्वा ऽस्तमेति ।

तस्माद् आत्मा ऽ नुभूत्या सह हृदयगतं भावि कर्तव्यजातं
युष्मान् भाषे, मदीयाः कथयत च कथा यूयमात्मप्रजाभ्यः।।१७।।
युष्मद्वंश्या बचोभिः श्रुतिविषयगतैर् मामकीनैः स्ववंश्यान्
अस्मद्वंश्यांश् च सम्यक् परिचितविनयान् कुर्वतां राजधर्मे ।
वंश्यास् ते ऽस्मान् स्मरन्तो ऽनुगमनमपि नः स्वक्रियाभिश् चरन्तु,
तद्नीत्या वीर्यशालि प्रथितशुभयशो भातु नेपालराष्ट्रम् ।।१८।।

## पञ्च भ्रातरः

मूलपाठ :

।। उप्रान्तः ।। हाम्रा मुमाहरू तिन हुन्, हामि तिन षोपिका पाचपाण्डवाको अवतार भयाका थिञु॑.

संस्कृतच्छाया

अथा ऽस्माकं तिस्रो जनन्य आसन्, ताभ्यो वयं पञ्च भ्रातरः पाण्डवा इवा ऽजायामहि ।

पद्यमयी व्याख्या

अस्माकं ज्येष्ठमाता तनयबिरहिता ऽऽसीद् अथो पञ्च पुत्रान्
अस्मांस् तिस्रो जनन्यो ऽसुवत समरुचीन् पञ्चभिः पाण्डुपुत्रैः।

## श्वशुरकुले कटुर् अनुभवः

मूलपाठ :

मेरो बिबाहा मकुवानपुरमा भयाको थियो. डोला सुम्पेको थियन र डोला पनि लैयाउ. नेपाल पनि देषि आउ भनि मकुवानपुर गञु र पुग्यपछि दिकबन्दसेनलाई यवटा कुराको करेउलि लियेर भने. यकदन्ता हाति र नवलाषि हिराको हार दिन्छौ भने डोला पनि लैजाला. दिन्न भन्या काढि तरवारसित पनि लैजाला भनि हाक पारि.

## संस्कृतच्छाया

मम विवाहो मकवानपुरे तदधिपतेः पुत्र्या सहा ऽ भवत् । नववधूः पितृगृह एवा ।ऽ सीत् । नववधूं स्वं गृहम् आनेतुं नेपालद्रोणीम् अपि द्रष्टुं मकवानपुरम् अगच्छम् । तत्र श्यालं दिग्बन्धनसेनं दन्तिमुख्यम् एकदन्तं नवलक्षमूल्यं हीरकहारं च यौतकत्वेन दद्याश् चेद् नववधूं नयेयम्, न दद्याश् चेत् खड्गेन प्रहृत्य नयेयम् इति सा ऽ वष्टम्भं कथयित्वा ऽ। हम् आह्वये ।

## पद्यमयी व्याख्या

माकन्देशस्थ पुत्र्या सह परिणयनं मे ऽ भवद् बालिकेति
देशाचारानुरोधाद् निजजनकगृहं ना ऽ जहात् सा नवोढा ।।१९।।
आनेतुं स्वां द्वितीयां निजसदनमथो वाग्वतीनीरसिक्तं
नेपालद्रोणिदेशं नयनपरिचितं कर्तुमिच्छा ममा ऽ भूत् ।
आत्मीयैः सार्धमापं श्वशुरकुलमहं, दृप्तचेता धनेन
श्यालो दिग्बन्धनस् तु व्यधित समुचितां सत्कृतिं मे न तत्र ।।२०।।
आचारा ऽ तिक्रमेणा ऽ नुभवति हृदये पीडनं, जायमाने
कोपे, गर्वं धनोत्थं निरसितुमवदं सेनभूपालपुत्रम् ।
सम्पन्नो ऽ भूद् विवाहो मखविधिसहितः कन्यकादानपूर्वः,
सा ऽ लङ्कारा कुमारी सविधि वरकरे शास्त्ररीत्या व्यतारि ।।२१।।
सा ऽ लङ्कारा कुमारी निजपतिसदनं प्रापिता यानरूढा,
ते ऽ लङ्काराश् च यानं तदपि नियमतो वर्तते दत्तपूर्वम् ।
तस्माद् हीरैर् महा ऽ। र्घैः शशिकरविमलैर् ग्रथ्यमानः स हारो
दन्तीन्द्रश् चैकदन्तस् तव निजभगिनीयौतका ऽ र्थे प्रदेयः ।।२२।।
श्रुत्वा वाचं मदीयां प्रकुपितमवदं राजपुत्रं पुनस् तम्
नो दद्याश् चेद् हरेयं प्रसभमहमिदं स्वेन कौक्षेयकेण ।
वैरे प्रत्यक्षरूपे श्वशुरकुलजनैः सार्द्धमेवं प्रजाते
जायां तत्रैव हित्वा बहिरगममहं हेमकर्णस्य गेहात् ।।२३।।

कौक्षेयकेण = खड्गेन

## चन्द्रागिरेः शिखराद् नेपालद्रोण्या दर्शनम्

### मूलपाठः

नेपाले राजाले चिन्नन् र पक्रनन् भनि स्याषु वढि राषतिका तिरैतिर भानु जैसि कुलानन्द जैसि अरु थरघर पनि साथमा थिया. चन्द्रागिरिमा आइपुग्यांपछि नेपाल कुन् हो भनि सुध्याजा र त्यो भादगाउ हो. त्बो पाटन् हो. त्यो काठमाडौ हो भनि देषा(या) र मेरा मनमा इ तिनै सहरको राजा हुन पाया ता हुदो हो भन्ने यस्तो मनमा परि-रहेथ्यो. उस्तै बेलामा उ दुवै जैसिले भने. हजुरको मनकान्छ्या अबिलाष् पुग्ला महाराजा भन्या र मलाई आसर्जे लाग्यो र मेरा पेटका कुरा कसो गरि जानेउ र तेस्व भनेउ र भनि मैले भन्दा जसै नेपालमा नजर दिनुभयोथ्यो. उसै वेला मोचमा बाहुलि डिदा मनमा नेपालको राजा हुन पाया ता हुदो हो भन्या जस्तो परेछ भनि बिन्ति हजूरमा गन्याकै हो भने र यो कुरा पुग्ला भनि मैले भन्दा हजूरले गौ ब्रह्मान अतित फकिर देउदेवताको मानिता बहुतै राषनुभयाको छ. हाम्रा हातमा पनि सरसोतिको बर्दान छ. हजूरलाई नेपालको राज बस्य हुन्यैछ भने र

### संस्कृतच्छाया

नेपालद्रोणीनाथाः परिचिनुयुश् चेत् प्रगृह्णीयुर् इति पर्णमयेन च्छत्रेण संछन्नाङ्गो दैवज्ञाभ्यां भानुकुलानन्दाभ्याम् अन्यैश् च षट्कुलीनैर् मौलैः सह रापतीतीरमार्गेण प्रचलन्नहं चन्द्रागिरिशिखरं प्राप्नवम् । कुत्रा ऽस्ते नेपालद्रोणीति तत्र स्वजनान् अपृच्छम् । अयं भक्तग्रामः, इदं ललितपत्तनम्, अयं च काष्ठमण्डप इति नामग्राहं ते जना नेपालद्रोणीम् अदर्शयन् । आसां तिसृणां पुरीणां राजा भवेयम् इति कामो मम मनसि तदानीम् अजायत । राजन् भवदीयो मनोरथः पूर्णो भवत्विति तदानीम् एव तावुभावपि दैवज्ञावभाषेताम् । तच् श्रुत्वा विस्मेरचेता अहं तौ दैवज्ञौ मामकीनं मनोरथं युवां कथम् अज्ञासिष्टं कथम् एतद् अवादिष्टम् इत्यवदम् । नेपालद्रोणीं चक्षुर्भ्यां पश्यतो भवतो बाहुर् गुञ्जासंलग्नो ऽभूत्, तदानीं नेपालद्रोणीभूपो भूयासम् इति वाञ्छा भवतो हृदये समुदपादि, अत आवाभ्याम् एषा विज्ञप्तिर् अकारीति तावकथयताम् । कच्चिद् एषा वाञ्छा सफला भवेद् इति मयि पृच्छति ताववदताम्–भवान् गां ब्राह्मणम् अतिथि योगिनं देवं च सत्कुरुते, आवाभ्याम् अपि सिद्धिदा सरस्वती सेव्यते, भवान् नेपालद्रोणीं पुरा जयति ।

### पद्यमयी व्याख्या

मल्ला भूपालका मां यदि परिचिनुयुः प्रग्रहं मे विदध्युर्
इत्याशङ्काकुलत्वाच् छदनविरचितच्छत्रसंछादिता ऽङ्गः ।
ज्योतिर्विद्भ्यां च मौलैः सह गतिमभजं रापतीतीरसृत्या
मन्दं मन्दं च चन्द्रागिरिशिखरमगां दिक्षु विक्षिप्तचक्षुः ।।२४।।

सृतिः = मार्गः

अगाम् = अगमम्

नेपालद्रोणिदेशः क्व विलसति, पुरस् तद्भवाः कुत्र तिस्र
इत्थं पृष्टा मया स्वे ऽभ्यधिषत नगरीर् दर्शयन्तो ऽङ्गुलीभिः ।
भक्तग्रामः पुरस्ताद् विलसति, ललितं पत्तनं मध्यभागे,
किञ्चित् तस्माद् उदीच्यां निवसति नगरी कान्तिरीक्षस्व देव ॥२५॥

अभ्यधिषत = अकथयन्

नेपालद्रोणिसंस्थं त्रितयमपि पुरां सस्पृहं पर्यदर्शं,
भूयासं भूप आसाम् इति मम हृदये कामना चोदपादि ।
तस्मिन् काले न्यगादीद् बत गणकयुगं मे मुखं वीक्षमाणं,
त्वच्चित्ते वर्तमाना नृपवर भविता कामना पूरितेति ॥२६॥
तच् श्रुत्वा विस्मितः सन् पुनरवदमिमौ, मानसो मामकीनो
भावो ज्ञातो युवाभ्यां कथमथ विदिता तद्भवा पूर्णतेति ।
दैवज्ञाभ्यां ततो ऽहं न्यगदिषि, नगरीर् वीक्षमाणस्य ते ऽभूद्
गुञ्जायां बाहुरस्मात् त्रिपुरविषयका ते जिगीषा ऽऽन्वमायि ॥२७॥

गुञ्जा = उत्तरोष्ठोपरि प्ररूढा रोमराजिः

भूयः श्रद्धा ऽऽन्वितः सन्नगदमहमियं कालिकी कामना नः
किं पूर्णत्वं प्रयायाद् इति गणकवरौ व्याहृषातां ततो माम् ।
गां देवं भूमिदेवं यतिमतिथिजनं शुद्धभक्त्या ऽर्चसि त्वम्,
आवाभ्यां सिद्धिदात्री प्रकटितमहिमा भारती सेविता ऽऽस्ते ॥२८॥

कालिकी = दीर्घकालानुगता

व्याहृषाताम् = अकथयताम्

वाचो देव्याः प्रसादाद् अधिगतसुवरौ ब्रूवहे सत्यमेतद्,
नेपालद्रोणिसंस्था नृपतिवर पुरा त्वां वृणीते नृपश्रीः।

पुरा वृणीते निश्चयार्थविशिष्टे भविष्यति लट्

### मूलपाठ :

थांकोट्को ठूलो भनज्यान् काटि रातदिन गरि कल्हारिघाट तरि धार्दिन् उक्लेउ र

### संस्कृतच्छाया

थाङ्कोटपर्वतस्या ऽधित्यकामार्गेण तं पर्वतम् उल्लङ्घ्य रात्रिन्दिवं प्रचलन्तो वयं कह्लेरितीर्थे त्रिशूलीं नदीं तीर्त्वा धादिङपर्वतशिखरम् आरोहाम ।

### पद्यमयी व्याख्या

**अद्रेस् थाङ्कोटनाम्नः शिखरगपदवीं लङ्घयित्वा त्रिशूलीं**
**तीर्त्वा कल्हेरितीर्थे द्रुततरगतयो धादिङं कूटमैम ।।२९।।**

## मैध्यां सभा

### मूलपाठः

चेप्याको षावा लिग्लीग्को आड गरि राषेका मेरा तिन बिर छन्. तिनलाई बोलाहाटको रूका लेषन जैसि भन्दा तिनको नाउ के के हो भनि सुध्याया र रणजित् बस्न्यात् मानसिं रोकाहा बिरभद्र पाठक् मैधिमा रातदिन गरि आइपुक भनि लेषी पठाञा र आईपुगे र तिनछेउ यकान्त गन्या (र) भने. दिकबन्दसेनसित हाक दि आञां. नेपाल पनि देषि आञां. हान्नाको मनसुबा पनि राषी आञां. तिमिहरू क्या भन्छौ भनि मैले भन्दा हान्नुहवस् माहाराजा भनेर सल्लाहा दिया र मैले भने . म जसै अर्काको छत्रभंग गर्न जांछु. मेरो छत्रभंग गर्न अर्को आयो भन्या कसो होला भनि मैले भन्दा हजूरका हातिहउवा ई बाईस् चौबिसि आयो भन्या चेप्यामा रगतको नदि बहाउला. माहाराजा भन्या र यकान्तबाट उठि गोर्षा गयउ र.

### संस्कृतच्छाया

चम्पावतीं नदीं परिखीकृत्य लिगलिगपर्वतशिखरे दुर्गं विरचय्य मम त्रयो दुर्गपाला वसन्ति म । तेषाम् आह्वानाया ऽज्ञापत्रं लिख दैवज्ञेति मया कथितो दैवज्ञस् तेषां नामानि माम् अपृच्छत् । बस्न्यातोपनामको रणजित् रोकाहोपनामको मानसिंहः पाठकोपनामको वीरभद्र इति मया कथिते शीघ्रं मैधीम् आगच्छतेत्याज्ञापत्रं तेषां समीपं प्राहीयत । यथाज्ञं ते मैधीम् आगच्छन् । रहसि तैः सह मन्त्रणां कुर्वन्नभाषे । दिग्बन्धनसेनं युद्धाया ऽहूय नेपालद्रोणीं च विलोक्य परावृत्तो ऽस्मि । नेपालद्रोणीं जिगीषामि । अस्मिन् विषये युष्मदीयं भावं जिज्ञास इति । राजन् युद्धाय याहीति ते ऽ

बदन् । अन्येषां राज्यानि जेतुं मयि प्रस्थिते मम राज्यं जेतुम् अन्य आगच्छेच् चेत् का दशा स्याद् इति मयि ब्रुवाणे कर्णालीनीरसिक्तां भूमिं प्रशासतो द्वाविंशती राजानो गण्डकीनीरसिक्तां भूमिं प्रशासतश् चतुर्विंशती राजानो गेहेशूरा एव सन्ति । ते भवदीयं राज्यम् आगच्छेयुश् चेच् चम्पावतीं रुधिरमयीं कुर्यामिति ते ऽ वदन् । ततो रहोमन्त्रणां समाप्य गोरखाम् आगच्छम् ।

पद्यमयी व्याख्या

सीमात्राणाय पाथःपतिदिशि परिखीकृत्य चम्पां स्रवन्तीं
कृत्वा दुर्गं बलीयो लिगलिगशिखरे तस्थुषो दुर्गपांस् त्रीन् ।
आह्वातुं शासनं स्वं गणकविलिखितं प्रेषयामि स्म, ते ऽपि
मैधीम् आयन् यथाज्ञं द्रुततरगतयस्, तान् विविक्ते ब्रुवे स्म ।।३०।।

पाथःपतिदिशि = पश्चिमायाम्
स्रवन्तीम् = नदीम्

आह्वे माकन्दपृथ्वीपरिवृढतनयं युद्धभूमौ समेतुं,
नेपालद्रोणिभाजां स्थितिमपि तिसृणां पर्यपश्यं पुरीणाम् ।
सेनं भूपं च मल्लान् धरणिपरिवृढाञ् जेतुकामो ऽहमस्मि,
कार्ये ऽस्मिन् युष्मदीयां हृदयविलसितां भावनां संबुभुत्से ।।३१।।

आह्वे = आह्वानम् अकरवम्
संबुभुत्से = ज्ञातुम् इच्छामि

आकर्ण्योक्तिं मदीयां समरविषयकं दर्शयन्तः स्वकीयम्
उत्साहं दुर्गपाला अगदिषुरवनीनाथ वाञ्छा त्वदीया ।
स्थाने जाता, जिगीषा श्रयतु सफलतां शीघ्रमेषा तवेति,
निश्चेतुं भावि कृत्यं समरविषयकं भूय एतान् अबोचम् ।।३२।।

प्राचीं जेतुं प्रयाते मयि मम विषयं शून्यमूलं विभाव्य
सङ्घीभूय प्रतीच्या धरणिपरिवृढाः पार्ष्णिमादातुकामाः ।
सीमाऽऽन्तं पीडयेयुः, कथमिव विपदः स्याद् अमुष्या विमुक्तिर्
एतां वाचं विधाय श्रुतिविषयगताम् अब्रुवन् दुर्गपालाः ।।३३।।

कर्णालीगण्डकीभ्याम् उपहृतसलिलाञ् शासतो भूमिभागान्
गेहेशूराः प्रतीच्या यदि नरपतयो गोरखां पीडयेयुः ।
तेषाम् उष्णैर् असृग्भिः शितशरनिकरोत्कृत्तगात्रस्रवद्भिश्
चम्पावत्याः स्रवन्त्या वयमपि सलिलं लोहितं कारयेम ।।३४।।
अद्धा विज्ञाय भावं हृदयसमुदितं दुर्गपालत्रयस्य
मन्त्रस्थानं विहाय स्वगृहमहमगां गोरखां राजधानीम् ।

## मातुलस्योपदेशः

### मूलपाठ :

पुगेपछि मामाज्यू पनि निलकंण्ठ पसुपतिको दर्सनलाई देउघाटको बाटो गरि जानुभयाको रहेछ. निलकंण्ठ पसुपतिको दर्सन भयापछि श्रीगोरषनाथको दर्सनलाई गोर्षामा आउनुभयो र दर्सन भयापछि मसित भेट भयो र मैले भन्या. मामाज्यू मकवानपुर पनि पुगि आआ. नेपाल पनि देषि आआ. हाम्राको मनुसुबा पनि राषि आआं, कति कुराले मेरो काज फत्ये होला. अर्ति बक्सनुभया हुदो हो भनि मैले भन्दा मलाई पनि पच्चरात्रीमा द्रिष्टान्त भयो. हामीले देष्ता पाच पाण्डुवाको अवतार भया जस्तो लाग्दछ. कुरुक्षत्रको मेला नभै नेपाल फुट्नेछैन. लमजुन् भन्याको गरुड हो. गोर्षा भन्याको सरप हो. नेपाल भन्याको भ्यागुतो हो. अघी गरुडको आषा छल्नु. तब सर्पले भ्यागुतो षान पाउछ. मेरा साथमा चार जातका सिपाहि छन्. इन्मा कस्को सवार गन्या चाडो काज फत्य होला भनि सोद्धा के के जात छन् भनि सोधनुभयो र बाहुन् षस् मगर ठकुरि इनमा कस्को सवार गन्या चाडो काज फत्य होला भनि सोद्धा बाहुन्को सवार भन्याको बयेल हो. पातक् लाग्छ. ठकुरिको सवार भन्याको सिंघ हो. पछाडि दगा हुन्छ. मग्रको सवार भन्याको टागन् घोडा हो. ढिलो हुन्छ. षसको सवार भन्याको ताजि तुर्कि घोडा हो. षसको सवार गन्या चाडो होला भन्या जस्तो लाग्छ भनि अरु धेरै कुराको अर्ति दि जानुभयोथ्यो. उनै अर्ति लिआ र.

### संस्कृतच्छाया

अथ मातुलो नीलकण्ठं पशुपतिं च द्रष्टुं देवघट्टमार्गेण गत्वा तौ देवौ दृष्ट्वा गोरक्षनाथं द्रष्टुं गोरखाम् आगच्छत् । गोरक्षनाथं दृष्टवतस् तस्य मया सह समागमो ऽभवत् । मातुल माकन्दपुरं गत्वा नेपालद्रोणिं च दृष्ट्वा परावृत्तो ऽस्मि । तौ देशौ जिगीषामि । येनोपायेन सफलो भवेयं भवान् मां तम् उपायम् उपदिशत्विति मातुलम् अवदम् । पाञ्चरात्रसम्प्रदायं मनसिकृत्येव दृष्टान्तं दर्शयन् मातुलो ऽभाषत । *पञ्चपाण्डवाः पुनरप्यवतीर्णा इत्यस्माकं मनसि प्रतिभाति।* कुरुक्षेत्रयुद्धवर्जं नेपालद्रोणी वश्या न स्यात् । लम्जुङो नाम गरुडः, गोरखा नाम सर्पः, नेपालद्रोणी नाम भेक इति प्रति-

भाति । सर्पः पूर्वं गरुडं मोहयतु, पश्चाद् भेकं खादतु । मम राज्ये चतस्र आयुधीया जातयः सन्ति । वह्यतां गतया कतमया शीघ्रं कार्यसिद्धिः स्याद् इति पृच्छति मयि ताः का जातय इति मातुलो माम् अपृच्छत् । ब्राह्मणष् ठकुरिः खसो मगर इति नामग्राहं जातीर् अकथयम् । मातुलो ऽ भाषत । ब्राह्मणो नाम गौः, गाम् आरोहन् पापभाग् भवति । ठकुरिर् नाम सिंहः, सिंहम् आरोहन् पश्चात् पराभवं प्राप्नोति । मगरो नाम टङ्कना ऽ श्वः, टङ्कना ऽ श्वम् आरोहन् मन्दायते । खसो नाम बली तुरुष्का ऽ श्वः, बलिनं तुरुष्का ऽ श्वम् आरोहन् द्रुतं स्वाभी ऽ ष्टं स्थानं प्राप्नोतीति मम मनसि प्रतिभाति । इत्यादिकान् बहून् विषयान् उपदिश्य मातुलो ऽ गच्छत् । अहं तान् उपदेशान् मनस्यधारयम् ।

### पद्यमयी व्याख्या

किं कर्तव्यं, नयज्ञः सकरुणहृदयो दर्शयेत् को नु मार्गम्
इत्याकारे विचारे ज्वलयति हृदयं ना ऽ लभे शर्म गेहे ।।३५।।
सूनुर् गन्धर्वसेनाभिधधरणिपतेः पालपापालकस्य
मातृभ्राता मदीयो हिमसरसि कृतावस्थितिं नीलकण्ठम् ।
वाग्वत्यम्भः पुनानं पशुपतिमखिलं दुष्कृतं नाशयन्तं
द्रष्टुं स्वं मर्त्यदेहं सफलयितुमपि स्वाद् अगारात् प्रतस्थे ।।३६।।
कृष्णाया गण्डिकायास् तटमनुसरता देवघट्टं प्रपद्य
सप्तानां गण्डकीनां समुदितसलिले पुण्यदे तेन सस्ने ।
रम्यांस् तुङ्गान् महीध्रान् सुविमलपयसो निम्नगा भिन्नरूपं
ग्रामान् क्षेत्राणि मर्त्यान् अपि मुदितमना वीक्षमाणो ययौ सः ।।३७।।

भिन्नरूपम् नपुंसकम् अनपुंसकेनैकवच् चा ऽ स्या ऽ न्यतरस्याम् । पाणिनिः– १।२।६९

पूजां कुर्वन् सुराणां विदधदभिषवं पुण्यदास्वापगासु
तृप्तान् कुर्वन् द्विजादीन् नियममनुसरंस् तीर्थयात्रां स चक्रे ।
द्रष्टुं गोरक्षनाथं प्रणतभयहरं गोरखाम् आजगाम
सम्पूज्यैनं यतीशं मम भवनमसावागमत् स्निग्धचेताः ।।३८।।
बन्धुप्रीत्या विधाय स्वकुलसमुचितां सत्कृतिं मातुलस्य
तं पृच्छामि स्म मार्गं विविदिषुहृदयो राजधर्मोपदिष्टम् ।

याते माकन्ददेशं मयि निजगृहिणीं गेहमानेतुकामे
सार्द्धं श्यालेन दैवाद् अविनयपटुना मे विरोधो ऽ जनिष्ट ।।३९।।

श्यालेन = दिग्बन्धनसेनेन

नैपालद्रोणिदेशं प्रणिहितहृदयः संविलोक्या ऽ गतो ऽ स्मि,
देशावेतौ जिगीषोर् भवति मम कृते को वरीयान् उपायः ।
चिन्ताग्रस्तो ऽ स्मि, रात्रावपि सुखशयनं नो लभे, जाग्रतो मे
यामिन्यो यान्ति दीर्घा, उपदिशतु हितां पद्धतिं मातुलो माम् ।।४०।।
श्रुत्वा वाचं मदीयां प्रणिहितहृदयो मातुलो भाषते स्म,
सामान्यं मर्त्यरूपं यदुकुलजनुषो देवकीनन्दनस्य ।
दृष्टं सामान्यमर्त्यैः स परमपुरुषो वर्तते योगिदृष्टौ,
तस्य भ्राता ऽ। ग्रजातो ऽ सितवसनधरो वर्ण्यते जीवरूपः ।।४१।।

तस्य = कृष्णस्य
अग्रजातो भ्राता = बलभद्रः

प्रद्युम्नं कृष्णपुत्रं वदति यतिजनो बुद्धितत्त्वस्वरूपं,
शौरेः पौत्रो ऽ निरुद्धो भवति यतिमते ऽ हङ्कृते रूपमाप्तः ।
व्याख्यैषा पाञ्चरात्री परिषदि विबुधैस् तन्यते ऽ ध्यात्मविद्भिर्
अस्मद्दृष्टौ स्थ तद्वद् धृतनवजनुषः पाण्डवाः पञ्च यूयम् ।।४२।।
नेपालद्रोणिदेशे पृथुलशिखरिभिः सर्वतो वेष्टयमाने
संविष्टानां पुरीणां दृढतरपरिखावप्रशालैर् वृतानाम् ।
कर्तुं दुर्गोपलम्भं प्रभवति न रिपुस् तेन तां जेतुकामैः
सङ्ग्रामो ऽ वश्यकार्यो न भवति न कुरुक्षेत्रयुद्धेन तुल्यः ।।४३।।

परिखा = दुर्गाद् बहिस् तत् परितः कृतं खातम्
वप्रम् = परिखोद्धृतमृत्तिकाकूटम्
शालः = प्रकार

अन्योन्यं स्पर्द्धमानैर् धरणिपरिवृढैः स्वैष् त्रिभिर् भुज्यमानो
नेपालद्रोणिदेशो हतविधिरधुना भेकसाभ्यं बिभर्ति ।

आस्ते तं कालकाङ्क्षी कवलयितुमना गोरखा सर्परूपस्,
तं च ग्रासं विधित्सोर् गरुडसदृशता दृश्यते लम्जुङस्य ।।४४।।
तम् = गोरखादेशम्

मण्डूकं भोक्तुकामः पटुमतिरुरगो वैनतेयं विदध्याद्
आदौ सम्भ्रान्तचित्तं तदनु वशयितुं दर्दुरं प्रक्रमेत ।
प्राच्यां सीमां विलङ्घ्या ऽ हितनृपविषयं गन्तुकामेन वत्स
सीमायां पश्चिमायां स्थितरिपुनृपतिर् मोहनीयस् त्वया ऽऽ दौ ।।४५।।
तच् श्रुत्वा मातुलं स्वं पुनरवदमहं गोरखीयप्रजासु
शास्त्राभ्यासे रमन्ते निजकुलजगुणाज् जातयो ऽमूश् चतस्रः ।
केषाञ्चिद् ब्राह्मणानाम् अपि नियतरुचिर् वर्तते शस्त्रवृत्तौ,
वर्तन्ते राजवंश्याष् ठकुरिपदयुता शस्त्रवृत्तिं दधानाः ।।४६।।
शस्त्राजीवाः खसाख्या मगरकुलभवा आयुधीयाश् च सन्ति,
शीघ्रं सिद्धिं विधातुं प्रभवति कतमैतासु वह्यत्वमाप्ता ।
श्रुत्वा वाचं मदीयां विदितबहुनयः पूर्वसङ्ग्रामवार्ताः
स्मृत्वा सम्यग् विवृण्वन् भटजकुलगुणान् व्याकरोद् मातुलो मे ।।४७।।
वह्यं करणम् पाणिनि :– ३।१।१०२

भक्त्या निर्व्याजया वा स्वकुलहितविधेर् इच्छया पूजितायाः
सस्नेहं पालिताया वहति सदृशतां गोस् तनूजेन विप्रः।
प्रत्यक्षं वा परोक्षं द्विजजनहनने भूमिपालस्य तस्मात्
पापीयान् ब्रह्महेति प्रसरति विपुलं दुर्यशो मर्त्यलोके ।।४८।।
राजन्याः स्मो ऽनुकूले वयमपि च विधौ शासितुं स्मः समर्था
इत्याकारं विचारं मनसि ठकुरयः सस्मया धारयन्ति ।
तस्मात् ते सिंहशावा इव परवशतां स्वेच्छया न व्रजन्ति,
पश्चाद् उत्प्लुत्य हन्तुं सति तु परिभवे नैव ते सङ्कुचन्ति ।।४९।।
मन्दायन्ते स्वकृत्ये मगरकुलभवाष् टङ्कना ऽश्वैः समानाः,
शीघ्रायन्ते सवीर्याः खसकुलजनुषो ऽश्वैस् तुरुष्कैः समानाः।
सैनापत्ये नियोज्यः खस इति, बहुधा ऽन्यच् च साधूपदिश्य
मच्चित्तं प्रीणयित्वा निजसदनमथो मातुलो गच्छति स्म ।।५०।।

*

# जङ्गबहादुरको पालाका कप्तान रामसम्बन्धी तीन पत्र

– रामजी तेवारी

श्रीबलरामदास मूलको सङ्ग्रहमा रहेका यी तीन पत्रको नकल उहाँको सौजन्यबाट मैले लिन पाएको हुँ । यहाँ यी पत्र जस्ताको तस्तै उतारिएका छन् । मूलमा देवता, राजा र मुख्य शासकहरूका नाउँ जहाँ आउँछन्, त्यहाँ नलेखी त्यहाँ केही ठाउँ छोडी अङ्क दिई सोही अङ्क साथ गरी सो नाम शिरमा लेखिएको छ । यहाँ पढ्न सुबिधा होस् भनेर ती नाउँ जहाँ चाहिने हुन्, त्यहीँ विशेष अक्षरमा राखिएका छन् । मूलमा फाटेका, तर प्रसङ्गवश भर्न सकिने अक्षर-लाई ( ) कोष्ठमा राखिएको छ ।

## १ सङ्ख्या

श्री

स्वस्ति श्रीसर्वोपमाजोग्यत्यादी धर्मऔतारी दयाधारी मर्ज्यादामहोदधी सकलगुणालंकृत राजभारोद्धारसामर्थ श्रीससुराकाका कपतान् रामकैषु इत श्रीमुषीया उत्तमनारान्को सेवासतम्पूर्वकपत्रमिदम्. ईत नीक. ताहा कुसलानन्द हुनुभया मेरो चित्त आनन्द होला. आगे ज्यांहाको समाचार भलो छ.

उप्रान्त भाद्रसुदी २ रोज ५[१]का दीन लेषनुभयाको सिक्षापत्र ऐ सुदी ४ रोजका दीन आइपुग्यो. विस्तार मालुम् भयो. श्रावणसुदी १४ रोजका दीन काठमाडौ गै ताहाबाट ल्यायाको कागज श्रीजनरल साहेबका हजुरमा चऱ्हाजां. कागज नजर गर्नुभयो. कागज तहकीत् भयाको हो कि कसो हो. तहकीत् भयाको हो भन्या श्रीप्राइम्‌मिनिष्टरसाहेबका हजुरमा चऱ्हाइ नजर गराउ कि भनी र्मजि हुदा तहकीतको कागज हो की सोझि पठाऊ भनी तथा राषी घर आइरह्याका थिजां. फेर जियमा अलिक् आराम् नहुदा तीमीहरूलाई ज्याहाको हालसुरत् लेषनु नसकियाको हो भनी लेष्याका अर्थ श्रावणसुदी १४ रोजमा काठ्माडौ गै साहेबहरूसंग भेट् गर्नु जानुभयाको बढीया हो. कागज नजर गरायाको अलि बेमुनासीब

---

१. यस दिनको गणना यस प्रकारको छ–

वि. सं. १९१२ भाद्रशुक्ल

| गते | तिथि | घडी | पला | वार |
|---|---|---|---|---|
| भाद्र ३० | द्वितीया | ३३ | २० | बृहस्पति |

(पात्रोबाट)

गर्नु भयेछ. तहकीत्को कागज पठाईदेउला भंदा भंदै नजर गरायछ. बढीया भगयो. फेर आहाबाट तहकीतको[2] कागज चढाइ[3] पठाइ नजर भै ओहा २।३ फेरा उत्रा पनी आइपुग्यो. अलि जियमा बिसंच भैरहेछ भनी लेषनुभयाको आराम भयो कि भयाको छैन. उत्रा पठाइदिनुभया बढीया होला. ताहा श्रीजनरलसाहेबका हजुरमा पठाइदियाका कागज २ तहकीत्को हो की कसो हो. उत्रा पठाइदे भनी लेषनुभयाको कागज तहकित् भयाको हो. तर कागजपत्रको वास्ता हो. पछी जाचबुझ गऱ्या भनी ठोरबहुत मात्री फेर पर्ला. तीमिहरूलाइ झिकाउन्या अर्थ पल्टन्का साठ् आउनु पाउला भनी लेष्याका अर्थ पल्टन् भन्या फिऱ्यो. हामिलाई भन्या अझसम्म केही कुराको संछेपै आउदैन. ऐही बष्नुपर्छ भन्या सोही उत्रा पठाइदिनुहोला. झीकाउन्या तवर छ भन्या उसैमाफीकको उत्रा चाडो पठाउनुभया बढीया होला. टिमुऱ्यातरफको कागजपत्र पनी सुब्बा धनसुन्दरका घरमा बडाबर बनाउनु लाग्यो. हाम्रा तरफको कागज ताहाबाट तयार गरी ल्याउछ कि ओंहा झिकाउ भनी लेषनुभयाका अर्थ ताहा झिकाइ कागज तयार होला कि भन्या जस्तो लागछ. ताहाको तजबीजमा जो ठहर्छ. ताहा रह्याका नुन् मुरी २० दुस्मन् भोटयाहरूका मालताल चाडो पठाइदेउ भनी लेषनुभयाका अर्थ नुन् बोरा भर्न सुबा मानसरोवर बाऱ्हबिस्या गयाका छन्. भोलि र पर्सि र मा चलान् होला. भाडा आलमालका अर्थ ओंहा आइपुग्यासम्मको चलान् भयाको छ. पछी जो आउला. चलान गर्दै गर्न्याछं. म भन्या मध्येस्या बोरा चलान्मा षटाइराष्याको छ. तसर्थ आषाडवदी ३० रोजसम्मका मध्येस्या बोरा कति आइपुग्यो भनी लेष्याका अर्थ[4] मध्येस्या बोराको हिसाब कुतिमा होला. कुतिबाट मात्रि कागज् फात् लागला. उहाबाट कागज आयापछी उत्रा पठाइदिन्याछु. ओंहाका हक्लाई तिमिहरू कारिन्दा सबैको बिन्ति पारीरह्याछु भनी लेष्याका अर्थ बढीया गर्नु भयछ. हर्षवीर भुवनेश्वर रामकृष्न भाद्रसुदी ६ रोजका दिन आइपुग्यो. गोदाममा दाषील भयाको रसदको रुपैया पठाइदेउ भनी लेष्याका अर्थ पत्यारका मानीस् नपाऊदा पठायाको छैन . पत्यारका मानीस् पायाबित्तिकै पठाउन्या काम गरुंला. बाकी हामीहरूले फेर येस्तरफ काम गर्नु पर्छ पर्दैन. सो उत्रा चाडो पठाईदिया बढीया होला. दसैं नजिकि आयो. ज्यादा विस्तार काहातक् लेषु.जान्या आफु हुनुहुंछ.

ईति सम्वत् १९१२ साल मिति श्रावणवदी ३ रोज ६[6] शुभम् .

---

२. मूलमा तको दोहरिएको छ । ३. मूलमा चढा छ । ४. मूलमा अर्क छ । ५. मूलमा पनी छ ।

६. यस दिनको गणना यस प्रकारको छ–

वि. सं. १९१२ आश्विनकृष्ण

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| आश्विन | १४ | शुक्र | तृतीया | ३९। | २ |

(पात्रोबाट)

वि. सं. १९१२ आश्विनकृष्ण तृतीयाको दिन शुक्रवार पर्छ र आश्विन १४ गते हुन्छ । भाद्र ३० गते लेखेको पत्रको उत्तर यो पत्र भएकोले यहाँ आश्विन भन्नुपर्नेमा भूलले श्रावण लेखिएको देखिन्छ ।

## २ सङ्ख्या

यस पत्रको शुरूमा धीरशमशेरको छाप लागेको छ । पुछारमा दुइटा छाप लागेका छन् । पहिलोमा श्रीहरि र दोस्रोमा श्रीजोगनारायन लेखिएको छ ।

श्री :

स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज पूर्वतर्फका कम्यांडीङ् जनरल श्रीधीरसम्सेरजङ्गराणाकस्य पत्रम्-आगे कप्तान् रामके श्रीगोरषनाथ पल्टन्मा कवायेत् गरी निज पल्टन्को हेरचाह गर्नालाइ तपसीलबमोजीम्को सवाल गरीबक्स्यौं. पल्टन्को हेरचाह नगरी गाफील रह्यौ भन्या जंगी ऐनममोजीम् सजाय होला— — — — — — — — — — —

### तपसील

| | |
|---|---|
| बन्दुक जाचन्या काम् १ | बुधवारका दिन पल्टन्ले बंदुक मलि कोतमा ल्याउदा सार्जङ्लाइ राषी जाचन लाउनु — — — — — — — — १ |
| | बन्दुक बिग्रेको भया सिपाही आफैले बल गरी बेकंबा गऱ्याको रहेछ भन्या ऐनबमोजीम् तेही सीपाहीसंग मोल लि सो मोल रीपोट् चढाइ अर्को बदला बन्दुक झिकी पल्टन्मा भर्ना गर्नु. सीपाहीले बेकंबा गऱ्याको रहेनछ. बन्दुक बेकंबा रहेछ भन्या रीपोट् चढाइ अर्को बन्दुक भर्ना ली पल्टन्मा दीनु १ |
| | बन्दुकका किलाकाटा जाचदा सर्कारका काम चल्दा हरायाको रहेछ भन्या सीपाही संग दाम नलिनु. सो बेहोराको रीपोट् चढाइ मेगजिन्बाट बनाउन लाउनु. अघिपछी हरायाको रहेछ भन्या ऐनबमोजीम् हराउन्या सीपाहीसंग दाम उठाइ रीपोट चढाइ मेगजीनमा दाम दी हरायाको किलाकाटा तयार गराइ बन्दुक साबुद गराइ राषनु — — — — — — —१ |
| (तानाबान)। जाचन्या काम् २ | कवायेत्मा पल्टन्को तानाबाना जाची जस्को तानाबाना बिग्रेको छ. बनाउन लगाइ सफा गराइदिनु — — — — — — —२ |
| (बाजा) बन्या काम् ३ | बाजा फुटेको र छाला बिग्रेको धागो टुटेको बिग्रेको जो जो छ. सबै बराबर जाची बिग्रेको रीपोट हाली बनाउन लगाइ सफा गराइ राषनु— — — -३ |
| (गय) ` र बेराम् जा(चन्या काम्) ४ | पट्टीपट्टीमा गयर भयाको छ छै (न.) (जाची) — हाजीरमा हेरी जंगी ऐनबमोजीम् गर्नु — — — — — — — — — —४ |
| | ७।७ दिनमा र फर्मायसी दिनमा बेरामहरू बराबर जाचनु — —४ |

| | |
|---|---|
| (कुर्था चुस्ता)जाचन्या काम् ५ | पट्टिपट्टीका कुर्था चुस्ता पुरा छ छैन. हुद्दा सीपाहोले पायाको छ छैन. बराबर जाचनु. षोसीयाका हुद्दा सीपाहोहरूको कुर्था चुस्ता कोतमा भर्ना दी अैनबमोजोम् दाम भीकिदिनु — — — — — — —५ |
| (रुपैया भि) किदिन्या काम् ६ | संक्रांति सकिनेबित्तीकै गयरको कागज तयार गराइ गयर कट्टि गरी बाकी पल्टन्भरलाइ चाहीन्या महिनावारी कागज तयार गरी आफनु सहीछाप लगाइ दफदरषानाबाट पट्टिपट्टीलाइ रुपैया झीकी पट्टिपट्टिबाट बुझन लगाइ भरपाइ दीनु— — — — — — — —६ |
| — — — | पट्टीपट्टीबाट सीपाहीहरूलाइ दर्माह बाडदा पायेन भनि कराउन आया पट्टीका सुबेदार ज्मादार हुद्दाहरूलाई ल्याइ रोपकार गरी सीपाहीको दर्माह दिलाइदिनु. झेल बषेडा गर्न्या सुबेदार ज्मादार हुद्दाहरूलाइ हाम्रा हजुरमा ल्याइ जाहेर गर्नु. गरेनौ भन्या तिमीले बुझाउनुपर्ला— — — —६ |
| (छाउनी भ)त्केको जा(चन्या काम्) ७ | भादगाउका छाउनी बिग्रेभत्केको बराबर हेरचाह गरी बिग्रेभत्केका ठाउमा बनाउन लगाइ मरमत् गर्दै रहनु— — — — — —७ |
| (छाउनीमा) बाल उठाउन्या (काम्) ८ | छाउनीमा बस्याका सुबेदार ज्मादार हुद्दा सीपाहीहरूसंग चलि आयाबमोजीम् बाल असुल गर्नु — — — — — — — ८ |
| — — — ाउदा गर्न्या काम् ९ | लेषियादेषी बाहेक अरू पल्टन्मा जो जो कामकाज परी आउछ. हाम्रा हजुरमा जाहेर गरी हेरचाह गरी आफुले आटी गर्नुपर्न्या आफुले आटी लेफ्टेन्ट कर्णेल मेजर कप्तानहरूसंग साधी काम चलाउनु. आटी नसकन्या कुरो हाम्रा हजुर साधी काम गर्नु— — — — — — —९ |
| | (इति सम्वत्) १९२३ साल मिती कार्त्तिकवदी ४ रोज ७[1] शुभम् — — — |

१. यस दिनको गणना यस प्रकारको छ–

वि. सं. १९२३कार्तिककृष्ण

| गते | तिथि | घडी | पला | वार |
|---|---|---|---|---|
| कार्तिक १२ | चतुर्थी | ३५ | २५ | शनि |

(पात्रोबाट)

### ३ सङ्ख्या

यस पत्रमा माथि जङ्गबहादुर र रणोद्दीपसिंहका छाप लागेका छन् । तल पनि एउटा छाप लागेको छ, तर सो छाप कसको हो, पढ्न सकिंदैन ।

श्री:

स्वस्ति श्रीमदतिप्रचण्डभुजदण्डेत्यादिश्रीश्रीश्रीमहाराजजङ्गबहादूरराणा जि सि बि प्राइम्मिनिष्टर याण्ड कम्यांडरइनचिफकस्य रुक्का— — — — — — — — —

स्वस्ति श्रीमद्राजकुमारात्मज श्रीकम्यांडरइनचीफ जनरल रणउद्दिपसिहकुवरराणाकस्य पत्रम्

आगे कपतान रामुके यथोचित्

उप्रान्त श्री ५ सर्कारबाट बनाउनूपर्न्या भादगाउका दर्बार र भत्क्याबिग्र्याको र भादगाऊ सहरमा प्रजाहरूको बाहेक्का देवालय सतल पाटि भत्क्याबिग्र्याको बनाउनलाई छेभडेलमार्फत जाचबुझ गरि बनाउनुपर्न्या तजबिज गरि कौसि तोसाषानाबाट मोहरु ३२३९ लि श्रीपुराना गोरषपल्टनका कर्णेल रामचन्द्र आले मेजर कपतान जंगविर भडारि क्षेत्रीलाई साछि राषी लिन्यादिन्याको सहिछाप भयाको नयां रितको स्याहा षडा गरि अैनसवालका म्यादमा श्रीकुमारिचोकमा दाषिल गर्नु. सोबमोजिमका कामको रिपोट् हालनु र जबाफ् भयाबमोजिम् गर्नु भन्या मर्जि हुदा कौसि तोसाषानाबाट मोह रुपैया ३२३९ मेरा जिम्मावारि लियाको छ. यस काममा षर्च भयाको लिनेदिनेका र साछी बस्न्याको सहीछाप पर्‍याको स्याहाबमोजिम् मिन्हा होला भंन्या सनद गरिबक्स्या सोबमोजिम् काम चलाई श्रीकुमारिचोक्मा स्याहा दाषिल गरि मिन्हा भै ज्मा षर्च फारष हुदो हो. यस मुद्दामा अैनसवाल सनद हुकुम साबिक् छैन. जिम्मावारि लि षर्च गर्नु भन्या मर्जि छ. जो मर्जि भन्या रिपोट् तैले १९२३ साल माघसुदि ३ रोज ५[१]मा कौसलमा चढायाबमोजिम् कौसलबाट तजबिज गर्दा कौसलले भादगाउका दरबार भत्क्याबिग्र्याको भादगाउ सहरमा प्रजाहरूको बाहेक्का देवालय सतल पाटि भत्क्याबिग्र्याको बनाउनु भंन्या मर्जि हुदा सो कामलाई मोहरु ३२३९ मेरा जिम्मावारि लियाको छ. सो काममा षर्च भयाको मीन्हा होला भंन्या सनद गरिबक्स्या सोबमोजीम् चलाउदा हुं भंन्या मुद्दा रहेछ. यस मुद्दामा अैन सवाल सनद हु[२]कुम् साबिक् छैन. मर्जि छ भनी लेष्याका रहेछन्. यस्मा सो बनाउदालाई चाहिन्या

१. यस दिनको गणना यस प्रकारको छ—

वि. सं. १९२३ मागशुक्ल

| गते | तिथि | घडी | पला | बार |
|---|---|---|---|---|
| माघ २६ | तृतीया | ४३ | १६ | बृहस्पति |

(पात्रोबाट)

२. नद हु यति अक्षर पहिले लेखिएका अक्षरमाथि लेखिएका छन् ।

माल षरिद ज्याला दिदा कर्णेल रामचन्द्र आले मेजर कपतान जंगविर भडारि क्षेत्री साछी राषि षर्च गर्नु. सो षर्च भयाको र जिम्मावारि आयाको आम्दानिको नआ रितका स्याहा षडा गरि लिने दिनेका र साछी बस्याको समेत सहिछाप गराउनु. सो स्याहा अैनबमोजिम्का म्याद म्यादमा श्रीकुमारिचोक दाषिल गर्नु. यति रित पुग्याका स्याहाबमोजिम् बुझाउदा मिन्हा होला भंन्या निज कपतान रामुका नाउमा रुक्का दस्कत हुनुपर्न्या हो भंन्या हाम्रो चितमा लाग्छ. जो मर्जि भंन्या रिपोट् राषदा जाहेर भयो. तसर्थ सोबमोजीं हामीबाट[३] सदर गरि बक्स्यामोताबिक हाम्रा हुकुम् मर्जिमोताबीक सहर[४] भादगाउका दर्बार भत्क्याबिग्र्याको र प्रजाहरूका बाहेक देवालय सतल् पाटि भत्क्याबिग्र्याको बनाउनालाई माल षरिद गर्नाके र[५] ज्याला मजुरि दिनाके चाहिन्या रुपैया कौसि तोसाषानाबाट जिम्मावारि ली हामिबाट षटाईबक्स्याको मानिस साछी राषि आम्दानीमा बुझाउन्याको षर्चमा लिन्याको षरिदिमा साछी बष्न्याको बाकीमा तहबिल्दारको सहीछाप गराउन्या उर्दिबमोजिम् आम्दानि षर्चको नआ रितको रोजनामा स्याहा षडा गरि सो स्याहा अैनबमोजिम्का म्यादभीत्र दफ्दरषाना श्रीकुमारिचोकमा दाषिल गर्नु. बहि बुझाउदा सोबमोजिम् मोजरा होला भंन्या प्रमान्गीको रुक्का दसषत् गरिबक्स्यौं.

इति संम्वत १९२४ साल आषाडबदि १२ रोज ६[६] शुभम्

❀

---

३. सो बमोजीं हामीबाट यति अक्षर पहिले लेखिएका अक्षरमाथि लेखिएका छन् ।

४. मोताबीक सहर यति अक्षर पहिले लेखिएका अक्षर माथि लेखिएका छन् ।

५. के र यति अक्षर पहिलो लेखिएका अक्षर माथि लेखिएका छन् ।

६. बदि १२ रोज ६ शुभम् यति अक्षर पछि लेखिएका हुन् ।

यस दिनको गणना यस प्रकारको छ–

वि. सं. १९२४ आषाढकृष्ण

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| आषाढ | १६ | शुक्र | एकादशी | १९ | ३१ |
| | १७ | शनि | द्वादशी | १४ | १९ |

(पात्रोबाट)

वि. सं. १९२४ आषाढकृष्ण द्वादशीको दिन शनिवार पर्छ । यहाँ भने आषाडबदि १२ रोज ६ लेखिएको छ । यस कारण एकादशीको घडी १९।३१ पछि शुक्रवारकै दिन आषाढ १६ गते यो पत्र लेखिएको देखिन्छ ।

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) का. मे. अ. द. नं. १५५/२४६

कार्यालय-

संशोधन-मण्डल

१०/३७४ वटु सवलबहाल, काठमाडौं, नेपाल

वि. सं. २०३७ मार्ग

यस अङ्कको मूल्य रु. १०।-

मुद्रक-

चामुन्ड्रा प्रेस

यट्खाटोल, काठमाडौं, नेपाल